# प्रभाव दैनिक
National Daily

वर्ष १०  अंक ३०६  काठमाडौं  मंगलबार, २२ फागुन २०८०  Prabhab National Daily  Tuesday, March 4, 2024  www.prabhabonline.com  पृष्ठ ८  मूल्य रू. ५।-




पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


नयाँ गठबन्धन प्रदेशसम्म

# पाँच प्रदेशमा सहज दुईमा कठिन




केदार कार्की
कोशी प्रदेश



सरोजकुमार यादव
मधेस प्रदेश



सालिकराम जमकट्टेल
बागमती प्रदेश



सुरेन्द्र पाण्डे
गण्डकी प्रदेश



डिल्लीबहादुर चौधरी
लुम्बिनी प्रदेश



जीवनबहादुर शाही,
कर्णाली प्रदेश



कमलबहादुर शाही
सुदूरपश्चिम प्रदेश

- कोशी, मधेस, लुम्बिनी, कर्णाली र सुदूरपश्चिममा सरकार गठन गर्न नयाँ गठबन्धनलाई सहज, बागमती र गण्डकीमा कठिन
- चार प्रदेशमा एमाले, एउटा/एउटामा उन्मुक्ति र जनमतको दाबी

■ जेबी योञ्जन

**काठमाडौं–** नयाँ सत्ता गठबन्धन बनेसँगै प्रदेश सरकारहरू पनि पुनर्गठन हुने चर्चा सुरू भएको छ। कांग्रेसले नेतृत्व गरेको कोशी, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा मुख्यमन्त्री नै परिवर्तन हुने देखिएका छन्। अन्य प्रदेशमा भने नेकपा एमालेलाई मात्रै समेटिए हुने भएको छ।

यी चारवटै प्रदेशमा एमालेले मुख्यमन्त्री दाबी गरेको छ। एमाले नयाँ बनेको गठबन्धनको मुख्य दल पनि हो। दलका उपमहासचिव प्रदीप ज्ञवालीले दिएको जानकारीअनुसार गठबन्धन दलहरूबीच एमालेले यी चारवटै प्रदेश पाउने भन्ने समझदारी भइसकेको छैन।

सुदूरपश्चिम प्रदेशमा नागरिक उन्मुक्तिको दाबी छ। यसअघि पनि उन्मुक्तिले मुख्यमन्त्री दाबी गरेको थियो। त्यसबेला मुख्यमन्त्री पाएन। मन्त्रीमा उन्मुक्तिले चित्त बुझाउनुपर्‍यो। अहिले पनि सम्भावना त्यस्तै देखिएको छ। जनमत पार्टीले मधेस प्रदेशको नेतृत्व पाउनुपर्ने सर्त प्रधानमन्त्री पुष्पकमल दाहालसँग राखेको छ। प्रधानमन्त्रीले भने 'ग्रिन सिग्नल' दिइसकेका छैनन्। कारण, कुन प्रदेशमा कुन दलले मुख्यमन्त्री पाउने भन्ने टुंगो लागेको छैन।

तर, पनि नयाँ गठबन्धनले प्रदेशहरूमा सरकार गठन गर्ने भएका छन्। कोशीमा एमालेले त्यहाँका मुख्यमन्त्री केदार कार्कीको राजीनामा मागिसकेको छ। कार्की एमालेकै समर्थनमा यसअघि मुख्यमन्त्री भएका थिए। पछि माओवादीसहितका दलहरूको समर्थन प्राप्त भएपछि उनको पद जोगिएको थियो। सोमबारको राजनीतिक घटनाक्रमले भने सत्ताच्युत हुने अवस्थामा आइपुगेका छन्।

कोशीमा सरकार गठनका लागि नयाँ गठबन्धनसँग स्पष्ट बहुमत छ। ९३ सदस्यीय प्रदेशसभामा बहुमतका लागि ४७ सदस्य भए पुग्छ। जबकि, एमालेसँग ४० जना र माओवादीसँग १३ जना सांसद छन्। जनता समाजवादी पार्टी (जसपा)सँग एक जना सांसद छ। यी तीन दलको जोड्दा ५४ जना पुग्छ।

(क्रमशः पृष्ठ ३ मा)

सत्ता गठबन्धनमा उलटफेर

# कांग्रेसका यी धोकाले टुटायो गठबन्धन

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रको सत्ता गठबन्धन एक वर्ष पुग्नै लाग्दा टुटेको छ। निर्वाचनपछि गत फागुन २५ गते राष्ट्रपतिमा रामचन्द्र पौडेललाई जिताउनदेखि कसेको यो गठबन्धन सोमबार औपचारिक रूप्मा टुटेको हो। हुन त यो गठबन्धन अघिल्लो पुस १० गते पनि यसरी नै छिन्नभिन्न भएको थियो।

माओवादीको सहयोगमा चुनावमा उत्रेको नेपाली कांग्रेस ८९ सिटसहित पहिलो दल बनेपछि सरकारको नेतृत्व गर्ने तयारीमा थियो। तर एकाएक माओवादी अध्यक्ष पुष्पकमल दाहालले एमालेलाई सत्ता सहयात्री रोजेपछि कांग्रेस सभापति शेरबहादुर देउवा खाली हात भाडाको घर खोजेर धुम्बाराही सरेका थिए।

कतिपयले देउवा धुम्बाराहीबाट बालुवाटार सरेरमात्र बूढानीलकण्ठ जाने लाख काटेका थिए। तर उनको छोरा जयवीरसिंह देउवाको बिहेका कारण बूढानीलकण्ठ सरे। देउवा पछिल्लो समय कृष्णप्रसाद सिटौलालाई राष्ट्रिय सभाको अध्यक्ष बनाउने प्रयासमा थिए। किनकि महाधिवेशनका एक सारथि सिटौलालाई 'ग्रेस एक्जिट' दिने देउवाको तयारी थियो।

तर यहीबीचमा खेलोमेलो बढ्दा देउवाले यो अवसर गुमाउने भएका छन्। किनकि माओवादीसँग कांग्रेसको सत्ता सहयात्रा अहिलेका लागि टुटेको छ। यो यात्रा टुट्नुको मुख्य कारण यहाँ प्रस्तुत गरिएको छ।

### जनयुद्ध दिवसमा सर्वोच्चको रोक

माओवादी केन्द्रले यसपटक आफ्नो नेतृत्व रहेको बेला जनयुद्ध दिवस मनाउने तयारी गरेको थियो। फागुन १ गते देशभर यो दिवसको अवसरमा सार्वजनिक बिदा दिँदै आएको पनि थियो। तर पुस १३ गते सर्वोच्च अदालतले प्रधानमन्त्री दाहालको योजनामा 'ब्रेक' लगाइदियो। फागुन १ गते सर्वोच्चले जनयुद्ध दिवसका कारण पीडितलाई पीडाबोध भएको भन्दै उक्त दिन सार्वजनिक बिदा दिने सरकारको निर्णय खारेज गरिदियो। जसकारण सत्ता समीकरणमा शंकाको विजारोपण भयो।

### कोशीका मुख्यमन्त्रीमा कार्की

कोशी प्रदेशमा माओवादी केन्द्रले जातीय द्वन्द्वको कारण देखाउँदै आफ्नो पार्टीका इन्द्र आङ्बोलाई मुख्यमन्त्री बनाउन चाहेको थियो। तर केन्द्रमा देउवा-शेखर गुटको टसलका कारण केदार कार्की एमालेको सहयोग लिएर मुख्यमन्त्री बने, गत असोजमा। संविधानको धारा १६८ (५) अनुसार मुख्यमन्त्री बनाउन कार्कीलाई एमालेका ३९ र कांग्रेसको शेखर कोइराला पक्षका आठ गरी ४७ जना सांसदले हस्ताक्षर गरेका थिए।



सत्ता गठबन्धनले नेकपा माओवादी केन्द्रका आङ्बोलाई कोशीको मुख्यमन्त्री बनाउने सहमति गरेको थियो। पछि विश्वासको मत लिँदा एमाले 'ब्याक' भयो भने माओवादीको साथ रह्यो। यो घटनालाई पनि माओवादीले आफूलाई धोकाको रूप्मा लिएको थियो।

### राष्ट्रिय सभा निर्वाचन

राष्ट्रिय सभा निर्वाचनमा कोशी प्रदेशमा आफ्नो एक उम्मेदवार पराजित बनेपछि माओवादी कांग्रेससँग सशंकित भयो। माघ ११ गते भएको निर्वाचनमा माओवादीकी चम्पा कार्की पराजित भइन्। उनको स्थानमा एमालेकी रुक्मिणी कोइराला निर्वाचित भइन्। जसका कारण पनि माओवादी कांग्रेससँग सशंकित बन्न पुगेको हो।

(क्रमशः पृष्ठ २ मा)

## तीन मन्त्रीको शपथ

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले नेकपा एमालेलसहित तीन दलसँग नयाँ गठबन्धन बनाएसँगै सोमबार तीन जना मन्त्रीले शपथ लिएका छन्। राष्ट्रपति रामचन्द्र पौडेलले तीनजना नवनियुक्त मन्त्रीलाई पद तथा गोपनीयताको शपथ गराएका हुन्।

राष्ट्रपतिले नेपालको संविधानका धारा, ७६ को उपधारा ९ बमोजिम प्रधानमन्त्री दाहालको सिफारिसमा मन्त्रीमा नियुक्त भएका तीनजनालाई राष्ट्रपति कार्यालय शीतल निवासमा सोमबार आयोजित विशेष समारोहमा सोही संविधानको धारा, ८० अनुसार पद तथा गोपनीयताको शपथ गराएका हुन्।

नेकपा एमालेका तर्फबाट पदम गिरी, नेकपा माओवादी केन्द्रका तर्फबाट हितबहादुर तामाङ र राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट डोलप्रसाद अर्यालले विनाविभागीय मन्त्रीको रूप्मा शपथ लिएका हुन्। राष्ट्रपति कार्यालयका अनुसार उनीहरूको कार्यभार पछि तोकिने छ।

(क्रमशः पृष्ठ २ मा)

## चार दलबीच आठबुँदे सहमति

### माओवादीलाई राष्ट्रिय सभा अध्यक्ष, एमालेलाई उपाध्यक्ष



**काठमाडौं (प्रस)–** नयाँ सत्ता गठबन्धनका चार राजनीतिक दलबीच आठबुँदे सहमति भएको छ। नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनता समाजवादी पार्टी (जसपा)ले सरकारमा सहकार्य गर्नेसहित विभिन्न आठवटा बुँदामा सहमति गरेका हुन्। सुशासन, विकास, सामाजिक न्याय र समृद्धिका प्रश्नमा समान सोच (क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

# स्वदेश नफर्कंदै गुम्यो श्रममन्त्री भण्डारीको पद



■ मोहनप्रसाद पन्त

**काठमाडौं–** वैदेशिक रोजगार व्यवसायीमैत्री देखिएका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले विदेश भ्रमणकै क्रममा मन्त्री पद गुमाउनुपरेको छ। प्रधानमन्त्री पुष्पकमल दाहालले पुरानो सत्ता गठबन्धन भत्काउँदै नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनता समाजवादी पार्टी (जसपा) सँग नयाँ गठबन्धन बनाएर मन्त्रिपरिषद् पुनर्गठन गरेपछि भण्डारीको मन्त्री पद गुमेको हो।

भण्डारी हाल युनाइटेड अरब इमिरेट्स (युएई) मा छन्। नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आयोजना गरेको वैदेशिक रोजगारसम्बन्धी मेला 'जब फेयर' उद्घाटन गर्न गत शुक्रबार दुबई पुगेका थिए। उनी आज मंगलबार स्वदेश फर्कंदै छन्। भण्डारीले नेपाली कांग्रेस, माओवादी केन्द्र, जसपासहितको गठबन्धनमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)बाट गत वर्ष चैत १७ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी पाएका थिए। वैदेशिक रोजगारीको क्षेत्रलाई फराकिलो बनाउँदै नेपाली श्रमिकको 'ब्राण्डिङ' गर्नुपर्नेमा उनले जोड दिँदै आएका थिए। मन्त्री नियुक्त भएयता वैदेशिक रोजगार व्यवसायीलाई प्रोत्साहित गर्दै आएका भण्डारीले नेपाली श्रमिकको हितमा भने कुनै उपलब्धिपूर्ण काम गर्न सकेनन्।

व्यवसायीको पक्षमा उनले विभिन्न निर्णय गरेर उनले व्यवसायीको मन जिते। र, व्यवसायीलाई खुसी पार्न मात्र लागेको भन्दै उनको आलोचना भएको थियो। सरकारले व्यवसाय गर्ने नभई सहजीकरणको भूमिका खेल्ने भन्दै भण्डारी व्यवसायीको पक्षपोषण गर्न र श्रमिकको थाप्लोमा आर्थिक भार थप्न निरन्तर क्रियाशील भएको आरोप उनीमाथि लागेको छ। भण्डारीले पहिलो चरणमा शून्य लागतमा व्यवसायीले विदेशमा कामदार पठाउन नसक्ने र यसको लागि श्रमिकसँग निश्चित सेवा शुल्क (व्यवसायीको माग ५० हजार रूप्याँ)सम्म लिन पाउनुपर्ने वकालत गरे।

उनले मलेसियालगायत खाडीका केही मुलुकमा नेपाल सरकारले गरेको सम्झौताविपरीत शून्य लागत (फ्रि भिसा, फ्रि टिकट)मा नेपाली श्रमिकलाई विदेश पठाउन नसकिने भन्दै शुल्क लिन पाउने नीतिगत निर्णय गरी मन्त्रालयको दराजमा थन्क्याएका छन्। यद्यपि कामदारमाथि आर्थिक भार थप्ने निर्णयका कारण विवादमा फसिने डरले कति सेवा शुल्क लिने भन्ने कुरा सार्वजनिक गरिएको छैन।

त्यसैगरी विदेश जाने श्रमिकलाई ७०० रूप्याँमा प्रदान गरिँदै आएको पूर्वप्रस्थान अभिमुखीकरण तालिमको शुल्क बढाएर दुई हजार ८०० रूप्याँ पुर्‍याउने काम गरे। साथै, मलेसियामा काम गर्न जाने श्रमिकहरूको रेकर्ड राख्न र उनीहरूको उद्धार तथा राहतका लागि समन्वयकारी भूमिका निर्वाह गराउने भन्दै प्रतिकामदार ४५ डलर अर्थात् झण्डै छ हजार रूप्याँ लिन पाउनेगरी वैदेशिक रोजगार बोर्डलाई त्यहाँको निजी कम्पनी 'फरेन वर्कर वेलफेयर म्यानेजमेन्ट सेन्टर (एफडब्ल्युडब्ल्युएमसी)'सँग भण्डारीले नै सम्झौता गराएका थिए। (क्रमशः पृष्ठ ३ मा)

## पोर्चुगल र कतार पठाइदिने भन्दै ठगी

### दुई जना पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक पठाइदिन्छु भन्दै प्रलोभनमा पारी ठगी गरेको आरोपमा दुईजना पक्राउ परेका छन्। पक्राउ पर्नेमा दाङको लमही नगरपालिका-५ घर भई हाल ललितपुर भैसेपाटी बस्ने कमलप्रसाद भण्डारी र उदयपुरको त्रियुगा नगरपालिका-३ घर भई हाल भक्तपुर बालकोट बस्ने नविन बुढाथोकी रहेका छन्।

भण्डारीले मञ्जु रावत घर्तीसमेत दुई जनालाई पोर्चुगल पठाई मासिक एक लाख ५० हजार रूप्याँ तलवमा एक प्रतिष्ठित कम्पनीमा काम लगाइदिने प्रलोभनमा पारी रकम ठगी गरेको प्रहरीले जनाएको छ। उनले पीडितसँग पटक-पटक गरी १८ लाख ६४ हजार रूप्याँ लिएर फरार भएको प्रहरी अनुसन्धानबाट खुलेको छ। रकम संकलन गरी फरार रहेका भण्डारीलाई खोजतालासका क्रममा मिनभवनबाट पक्राउ गरिएको बताइएको छ।

त्यस्तै अर्का व्यक्ति बुढाथोकीले विजय राईलाई मासिक एक लाख रूप्याँ तलब हुनेगरी कतार पुलिसमा काम लगाइदिने भन्दै ठगी गरेको बताइएको छ। उनी पीडितबाट पटक-पटक गरी पाँच लाख ६० हजार रूप्याँ लिएर सम्पर्कविहीन बनेको प्रहरीले उल्लेख गरेको छ। फरार अवस्थामा रहेका बुढाथोकीलाई पनि मिनभवनबाटै गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेका दुवै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभागमा बुझाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए।


जनहितमा जारी सन्देश

जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने

कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं

आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं

गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक  www.prabhabonline.com  प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

पृष्ठ १ बाट क्रमशः

## कांग्रेसका यी धोकाले...

### राष्ट्रिय सभा अध्यक्षमा लोभ

कांग्रेससँगको गठबन्धनमा नेपाली कांग्रेसले राष्ट्रिय सभामा पकड बनाउँदै गएको छ । कुनै बेला चारजनामा खुम्चिएको कांग्रेस माओवादीसँगको गठबन्धनका कारण अहिले १६ सदस्यमा पुगेको छ । माओवादीको भन्दा एक सिट कम हो कांग्रेसको । यद्यपि कांग्रेसले राष्ट्रिय सभा अध्यक्ष आफ्नो दलबाट कृष्णप्रसाद सिटौला हुनुपर्ने अडान राखेपछि माओवादी चिढिएको हो । १७ सिटसहित आफ्नो दल पहिलो भएकोले अध्यक्ष आफ्नो दलले पाउनुपर्ने माओवादी अडानमा पछि कांग्रेस लचक बनेको थियो ।

### अर्थमन्त्री महतको 'असहयोग'

प्रधानमन्त्री दाहाललाई मन्त्रिपरिषद्मा कांग्रेसका दुई मन्त्रीले निकै अप्ठेरोमा पारेका थिए । अर्थमन्त्री डा. प्रकाशशरण महत र परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले दाहाललाई टेर्दैनथे । जुन गुनासो दाहालले एमालेसँग पनि पोखेको एमाले नेताहरू बताउँछन् । सोमबार बिहानै एमालेको सचिवालय बैठकपछि नेता प्रदीप ज्ञवालीले दाहाल यही कारण समीकरण बदल्न चाहेको बताउँदै थिए ।

प्रधानमन्त्रीलाई थाहै नदिई बजेटमा समीक्षा गर्दा महतसँग प्रधानमन्त्री चिढिए । यसैगरी विभिन्न कार्यक्रमका लागि बजेट माग्दा पनि महतले मुठ्ठी कस्ने गर्दा सत्ता सञ्चालन गर्न दाहाललाई मुस्किल परेको थियो । यसैगरी परराष्ट्रमन्त्री साउदले विदेशी निकाय र दातृ निकायसँग सम्बन्ध उलटफेर गर्दा दाहाल हैरान भएका थिए । महतलाई हटाउन अनुरोध गर्दा देउवा पनि यसमा सकारात्मक भएनन् ।

### टेरामक्समा मुछिएका मोहन

कांग्रेससँग सम्बन्ध तोडिनुको अर्को कारण हो, स्वास्थ्यमन्त्री मोहन बस्नेत । खासै काम नगर्ने तर स्टन्टमा रमाउने मन्त्री बस्नेत टेरामक्स घोटला प्रकरणमा मुछिएको आरोप लागेको थियो । नेकपा एमालेले उनको राजीनामा माग्दै सदन अवरुद्धसमेत गऱ्यो । तर बस्नेतले कुनै पनि हालतमा आफू नहट्ने अडान लिए । 'विवादित मन्त्री हटाउन देउवा तयार नभएको दाहालले गुनासो गर्नुभएको छ,' एमाले नेता ज्ञवालीले भनेका थिए ।

महासमिति निर्णयविरुद्ध ट्रिगर

फागुन ७ बाट सुरू भएको कांग्रेसका महासमितिले गठबन्धन भत्काउन ट्रिगरको काम गऱ्यो । महासमितिको बैठकमा उपसभापति पूर्णबहादुर खड्काको नीति प्रस्ताव माओवादीमाथि कडा रूप्मा लक्षित थियो । अरू राजनीतिक दलप्रति कुनै दुश्मनी नभएको उल्लेख गरिए पनि माओवादीमाथि भने गम्भीर आरोप लगाइएको छ, नीति प्रस्तावमा । उपसभापति खड्काले प्रस्तुत गरेको ४७ पृष्ठको नीति प्रस्तावमा माओवादीका कारण समृद्धिको यात्रा नै अवरुद्ध भएको उल्लेख छ । 'कथित र अनावश्यक सशस्त्र हिंसाको राजनीति सुरू भयो । सशस्त्र द्वन्द्वको नाममा फेरि अर्को दलदलको भासमा फस्यो । विकास र समृद्धिको यात्रा अवरुद्ध भयो,' खड्काले भनेका छन् ।

खड्काले यो विध्वंस आवश्यक नै नभएको तर्कसमेत गरेका छन् । 'ध्वंस विध्वंसहरू भए । विकास संरचना भत्किए र थप विकास अवरुद्ध भयो । यति धेरै क्षति हुने गरी यो विध्वंसको आवश्यकता थिएन,' नीति प्रस्तावमा भनिएको छ ।

यतिमात्र होइन, द्वन्द्वपीडितको न्यायिक निरूपणसँग सम्बन्धित विषयमा माओवादीमाथि खड्काले निर्मम आलोचना गरेका छन् । 'माओवादी हिंसाबाट पीडित पार्टीका हजारौं साथीहरूको पीडा र भावनालाई पार्टीको संरचनाभित्र उचित प्रतिनिधित्व गराउने व्यवस्था मिलाइने छ,' प्रस्तावमा भनिएको छ, 'माओवादी हत्या हिंसाको चपेटामा परी आमनागरि कसँगै सुरक्षा निकायको हजारौं व्यक्ति र सशस्त्र द्वन्द्वका पक्ष नै नरहेको तर विनाकारण जनधन गुमाउनुपरेका हिंसात्मक द्वन्द्वबाट पीडित निर्दोषहरूको सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन र प्रचलनहरूको प्रतिकूल नहुनेगरी न्यायिक निरूपण गरिने छ ।'

यद्यपि, महामन्त्री गगन थापाको प्रतिवेदनका कारण यो नीति प्रस्ताव त्यतिबेला छायामा परेको थियो । महामन्त्री थापाले आउँदो चुनावमा माओवादीसँग चुनावी गठबन्धन गर्न नहुने प्रस्ताव आफ्नो सांगठनिक प्रस्तावमा राखेका थिए । उक्त प्रस्तावमाथि सभापति देउवाले पटक-पटक असन्तुष्टि जनाउँदा पनि गगनले हटाउन मानेनन् । यी प्रस्तावहरू केही सच्चिएर केन्द्रीय समितिबाट अझै संशोधन गर्दै पारित हुने गरी महासमितिले अनुमोदन गऱ्यो । यसै कारणले चिढिएको माओवादीले पछि नीति प्रस्तावमाथि चिढिएको सुनियो । लगत्तै बसेको माओवादी स्थायी कमिटीले यसको विरोधको ट्रिगर दबायो ।

### टिआरसीमा खोल्यो फायर

माथिका घटनाका कारण रुष्ट माओवादी भित्रभित्रै एमालेसँग वार्तामा बस्यो । गठबन्धन तातेको यहीबेला 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूण्ण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको (टिआरसी) विधेयक' पार लगाउने सोच बनाए प्रधानमन्त्री दाहालले । यो विधेयक पारित गर्न कांग्रेस तयार नै थियो । एमाले विधेयकको बाधक बनेर उभिएको थियो । टिआरसी पारित गर्न सघाए काँध फेर्ने संकेत दिए दाहालले ।

आइतबार एकाएक टिआरसी पारितको सेड्युल बन्यो । सशंकित कांग्रेसले कानुन, न्याय तथा मानवअधिकार समितिबाट पारित हुनै लागेको विधेयक रोकिदियो । कानुनमन्त्री धनराज गुरुङले नै विधेयक रोक्न भूमिका खेले । यसपछि क्रुद्ध दाहालले तुरुन्तै गठबन्धन फेरिएको संकेत गरे । र, अन्ततः गठबन्धन फेरिछाडे ।

■■■

## तीन मन्त्रीको...

गठबन्धन दलहरूबीच मन्त्रालयको भागबण्डा टुंग्याएपछि थप मन्त्री नियुक्ति तथा कार्यविभाजन हुने छ । त्यतिबेलासम्म प्रधानमन्त्रीको सिफारिसमा सोमबार गठन भएको मन्त्रिपरिषद् र त्यसको कार्यविभाजनअनुसार प्रधानमन्त्री दाहालले नै सबै मन्त्रालयको कार्यभार सम्हाल्ने छन् ।

सत्ता गठबन्धनको अर्को दल जनता समाजवादी पार्टी (जसपा) भने पहिलो चरणमा सरकारमा सहभागी भएको छैन । यद्यपि, सरकारमा सहभागी हुने निर्णय उक्त पार्टीले सोमबार नै गरिसकेको छ । माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीलाई पनि सरकारमा ल्याउने प्रयास भइरहेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी भने सरकारमा सहभागी नहुने भएको छ ।

■■■

## चार दलबीच...

राख्ने दलहरूका बीचमा सहकार्य आवश्यक रहेको महसुस गरी चार दलको सहभागितामा नयाँ संयुक्त सरकार गठन गर्ने र सरकारको नेतृत्व नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले गर्ने सहमति भएको सोमबार सार्वजनिक सहमतिपत्रमा उल्लेख छ । सहमतिअनुसार रिक्त रहेको राष्ट्रिय सभाको अध्यक्षमा नेकपा माओवादी केन्द्रका उम्मेदवार र उपाध्यक्षमा नेकपा एमालेका उम्मेदवारलाई समर्थन गर्ने भएका छन् । राष्ट्रिय सभा अध्यक्षको निर्वाचन यही २९ फागुनमा हुँदै छ ।

त्यसैगरी, सरकारमा सहभागी भएका दलहरूका बीचमा आपसी सहमतिमा मन्त्रालय बाँडफाँट गर्ने, त्यसरी बाँडफाँट गर्दा मन्त्रालयको विशेषताका आधारमा वर्गीकरण गरी मिलाउने र नयाँ संयुक्त सरकार गठन प्रक्रियामा सहभागी हुन अन्य दलहरूसँग पनि आवश्यक संवाद अघि बढाउने सहमति भएको जानकारी दिइएको छ ।

संक्रमणकालीन न्यायसम्बन्धी विधेयक, शान्ति प्रक्रिया र देशमा स्थायी शान्ति कायम गर्नका लागि यससँग सम्बन्धित अन्य विषयहरू सहमतिका आधारमा अविलम्ब टुंग्याउने सहमति पनि चार दलबीच भएको छ । त्यसैगरी, संघीयता कार्यान्वयनसँग सम्बन्धित बाँकी कानुन निर्माण गरी सबै तहका सरकारलाई प्रभावकारी बनाउने विषयमा सत्ता गठबन्धनका दलहरू सहमत भएका छन् ।

सरकारको नीति तथा कार्यक्रमलाई मार्गदर्शन गर्ने गरी सरकारमा सहभागी दलहरूका बीचमा साझा न्यूनतम कार्यक्रम तयार गर्ने पनि सहमति भएको छ । यो सहमति कार्यान्वयनका लागि वर्तमान मन्त्रिपरिषद् पुनर्गठन गरी सहमतिअनुसार नयाँ संयुक्त सरकार गठन गरिने जनाइएको छ ।

राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता र भौगोलिक अखण्डतालाई सुदृढ गर्न तथा समाजवादउन्मुख आर्थिक-सामाजिक विकासका लागि राजनीतिक स्थायित्वको दिशामा अघि बढ्न पनि चार दल सहमत भएका छन् ।

आठबुँदे सहमतिमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री दाहाल, रास्वपाका सभापति रवि लामिछाने र जसपाका अध्यक्ष उपेन्द्र यादवले हस्ताक्षर गरेका छन् ।


**पेन्सनको सहायक निलो पट्टा हराएको सूचना**

मिति २०८०/०५/१५ गते किर्तिपुरदेखि बल्खुसम्म जाँदा मेरो निम्न व्यहोरा भएको पेन्सन पट्टा सहित अन्य कागजातहरु हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम: लक्ष्मी लिम्बु (राई)
फोन: ९८०१९९९२१८
ठेगाना: काठमाडौं
पेन्सन पट्टा नं.: ५६९६१५


# भ्रष्टाचारको अभियोगमा मुद्दा दायर

**काठमाडौं (प्रस)–** अख्तियार दुरूप्योग अनुसन्धान आयोगले जिल्ला प्राविधिक कार्यालय मुगुका तत्कालीन कार्यालय प्रमुखसहित व्यक्तिका विरुद्ध सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको छ । सोरु गाउँपालिका-९ स्थित तन्दवाडा छडा सिँचाइ आयोजनामा गैरकानुनी लाभ तथा हानि पुऱ्याइ भ्रष्टाचार गरेको पाइएको आयोगले जनाएको छ ।

आयोगले जिल्ला प्राविधिक कार्यालय मुगुका तत्कालीन कार्यालय प्रमुख देवीप्रसाद पाण्डेविरुद्ध २६ लाख ८२ हजार रूप्याँ बराबरको बिगो दाबी गरेको छ । तन्दवाडा सिँचाइ आयोजना उपभोक्ता समितिका अध्यक्ष लोगबहादुर शाही, सचिव बैदेही शाही र कोषाध्यक्ष रत्न रपा शाहीविरुद्ध पनि समान बिगो दाबी गरेको छ ।

सामुदायिक सिँचाइ आयोजनाअन्तर्गत परामर्शदाता संस्थामार्फत खटिएका सामाजिक परिचालक संयोजक प्रकाश बुढथापाविरुद्ध समान बिगो दाबी गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए । यस्तै, सोरु-९ का तत्कालीन वडाध्यक्ष परुनाथ योगीविरुद्ध पनि भ्रष्टाचारको अभियोगमा मुद्दा दायर गरिएको उनले बताए ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAAD SAIF AL NAIMI CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०८०/११/२० LT. No. 300960 चलानी नं. ६०२१५९१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LULU SAUDI HYPERMARKET (L.L.C.)

पूर्व स्वीकृति मिति २०८०/११/२० LT. No. 301045 चलानी नं. ६०२१५९०८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office And Facility Cleaning Worker | 34 | 0 | 1000 | ३५,२९५ | | | | | | | |

कम्पनी : LULU SAUDI HYPERMARKET (L.L.C.)

पूर्व स्वीकृति मिति २०८०/११/२० LT. No. 301044 चलानी नं. ६०२१५९०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 8 | 0 | 1000 | ३५,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office And Facility Cleaning Worker | 75 | 0 | 1000 | ३५,२९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JOB SEEKER MANPOWER Pvt. Ltd.
श्रम इजाजत नं. २३५/०५८/०५९
Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np
Website :www.jobseekermanpower.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MODEL FACTORY COMPANY FOR CARPENTRY WORKS

पूर्व स्वीकृति मिति: २०८०/११/२० LT. No.301077 चलानी नं. ६०२१५९१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenter | 5 | 0 | 120 | ५१,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sky Blue International Overseas Pvt.ltd.
Govt. License 1462/074/075
Sinamangal, Kathmandu, Nepal, Phone: 9801970911/9801970910/9801970914
9801970921/9801970918, skyblueintloverseas@gmail.com, www.skyblue.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FINE INDUSTRIES LLC

पूर्व स्वीकृति मिति २०८०/११/२१ LT. No. 300961 चलानी नं. ६०२१५९४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 50 | 0 | 800 | २८,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sagarmatha International Employment Pvt. Ltd.
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9844078232, 9844078232
9823810701, 9746850593 E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी: EMBARK ARABIA CONTRACTING CO.

पूर्व स्वीकृति मिति २०७९/१०/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२१ LT. No.280438 चलानी नं. ६०१९५९४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BHD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | 0 | 130 | ४५,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.
श्रम इजाजत नं. ४४८/०६०/०६१
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com



**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित २०८०/११/२२ गते)

केशव पौडेलको नातिनी मनिराम पौडेलको छोरी तथा हिमलाल पन्थीको पत्नी काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा वडा नं ०८ बस्ने चेतकला पन्थीको मिति २०७९/०९/२६ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको गोल्फुटार शाखामा रहेको बचत खाता नं. ०६७००४०७९८२००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँभनी निज खातावालाको श्रीमान हिमलाल पन्थी ले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हकलाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय गोल्फुटार, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय गोल्फुटार, काठमाडौं फोन नं. ०१-४३७८८७३



## मलेशियामा रोजगार

RESTORAN AL- BADIYAH (M) SDN. BHD. पूनः विज्ञापन

पुर्व स्विकृति मिति: 2079.04.08 चलानी नं. ६०१८३७८७ LT No. 267859

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 01 | 1500 | 42123 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैले | कामदार आफैले | रु.१५०० कामदार आफैले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०८० फागुन २९ गते (12 March 2024) हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

TALENT OVERSEAS SERVICE PVT. LTD. लागत खर्च: नि:शुल्क
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph No.:01-4113744



## कावासोती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश,नेपाल

२०७३

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना**

प्रकाशित मिति २०८०/११/२२

यस कार्यालयबाट विभिन्न समयमा प्रकाशित ठेक्का आह्वान सम्बन्धी सूचना उपर दर्ता हुन आएका बोलपत्र मध्ये तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल अंक (मु.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| 13/KM/NCB/ 2080/81 | Bhandari Chowk Dekhi Ne. Bi. Pra. Hudai Shivalay Mandir Kalopatre Ward-2 | देउपुर निर्माण सेवा ७-मण्डनदेउपुर | २२,६०,९७०.३५ | |

प्रमुख प्रशासकीय अधिकृत
कावासोती नगरपालिका

पृष्ठ १ बाट क्रमशः

## पाँच प्रदेशमा...

त्यसमा माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी समेटिएको अवस्थामा ५८ पुग्छ । यो भनेको दुईतिहाइ बहुमतका लागि मात्रै चार सांसद कम हो ।

यहाँ कांग्रेससँग २९ र राप्रपासँग छ जना गरी ३५ जना सांसद छन् । यी दुई दलबीच सहकार्य भए पनि कोशीमा नयाँ गठबन्धनको सरकार नबन्ने निश्चित देखिएको छ ।

मधेस प्रदेशमा नयाँ गठबन्धनले नै सरकार बनाउने सम्भावना छ । १०७ सिट रहेको मधेसमा सरकार गठनका लागि ५४ सिट आवश्यक हुन्छ । त्यहाँ एमालेको २३, जनता समाजवादी पार्टीको १८, नेकपा माओवादी केन्द्रको नौ, नेकपा एकीकृत समाजवादीको सात र नागरिक उन्मुक्ति पार्टीको एक जना सांसद छन् । यहाँ यी दलहरूका सांसद संख्या ५८ पुग्छ । यस्तो अवस्थामा यहाँ पनि नयाँ गठबन्धनको सरकार बन्ने देखिन्छ ।

यहाँ कांग्रेससँग २२, जनमतसँग १३, लोसपासँग नौ, नेपाल संघीय समाजवादी र राप्रपासँग एक/एक जना सांसद छन् । यी दलहरू सत्ता सहकार्यका लागि मिले पनि ४४ जना सांसद मात्रै पुग्ने स्थिति छ । यसकारण मधेसमा नयाँ गठबन्धनको सरकार बन्ने देखिएको छ ।

बागमती प्रदेशमा भने नयाँ गठबन्धनलाई सरकार बनाउन केही असहज छ । ११० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसद चाहिन्छ । त्यहाँ एमालेका २७, माओवादीका २१ र नेकपा एकीकृत समाजवादीका सातजना सांसद छन् । यी तीन दलको सांसद संख्या ५५ पुग्छ । एक जना सांसद पुग्दैन । यसले गर्दा यहाँ भने नयाँ गठबन्धनलाई सरकार बनाउन असहज छ । यस्तोमा त्यहाँ कांग्रेस नेतृत्वको सरकार बन्न सक्ने सम्भावना गठबन्धनको जत्तिकै छ । हाल त्यहाँ माओवादीका नेता सालिकराम जमकट्टेल नेतृत्वको सरकार छ ।

६२ सदस्यीय गण्डकी प्रदेशमा सरकार गठनका लागि ३२ सांसद चाहिन्छ । यहाँ एमालेको २२ जना र माओवादीको ८ जना तथा एकीकृत समाजवादीको एक जना सांसद छन् । यी तीन दलको सांसद संख्या ३१ जना हो । जुन सरकार गठनका लागि एक जना सांसद अभाव हो । यहाँ दुई सांसद रहेको राप्रपालाई सरकारमा ल्याइएन भने सरकार गठन असम्भव छ । गण्डकी प्रदेश संसद्मा कांग्रेससँग २७ जना सांसद छ । सरकार गठनका लागि कांग्रेसलाई यहाँ पाँच जना सांसद अभाव हो ।

यस्तै, ८७ सिट रहेको लुम्बिनी प्रदेशमा सरकार गठनका लागि ४४ सिट आवश्यक हुन्छ । यहाँ गठबन्धनको मुख्य दल एमालेसँग २९, माओवादीसँग ११, नागरिक उन्मुक्तिसँग चार र जसपासँग तीन जना गरी ४७ जना सांसद छन् । यो भनेको सरकार गठनका लागि आवश्यकताभन्दा बढी सांसद संख्या हो । अझ नेकपा एकीकृत समाजवादीको एक जना सांसद जोड्दा यहाँ ४८ जना सांसद पुग्ने देखिएको छ । यहाँ कांग्रेसका डिल्ली चौधरी नेतृत्वको सरकार धरमरमा परेको छ ।

कर्णाली प्रदेशमा पनि गठबन्धनले सरकार सहजै बनाउने भएको छ । ४० सिट रहेको प्रदेशमा सरकार गठनका लागि २१ सांसद चाहिन्छ । त्यहाँ माओवादीका १३ र एमालेका १० जना सांसद छन् । यी दुई दलकै सांसद संख्या २३ छ । यसमा एकीकृत समाजवादीको एक जना सांसद थपिँदा २४ सांसद पुग्छ । यहाँ पनि गठबन्धनको सरकार बन्ने निश्चित देखिएको छ ।

सुदूरपश्चिम प्रदेशमा नयाँ गठबन्धनकै सरकार बन्ने भएको छ । ५३ सदस्यीय प्रदेश संसद्मा २७ जना सांसद सरकार गठनका लागि आवश्यक हुन्छ । यहाँ माओवादीसँग ११, एमालेसँग १०, नागरिक उन्मुक्तिसँग सात जना र एकीकृत समाजवादीसँग चार जना सांसद छन् । यी दलसँग ३२ जना सांसद छन् । यो भनेको सरकार गठनका लागि आवश्यक बहुमत हो । यहाँ कांग्रेसको १९ जना सांसद छन् । एक जना स्वतन्त्र सांसद छन् ।

■■■

## स्वदेश नफर्कंदै...

उल्लिखित विषयमा प्रधानमन्त्री दाहालले श्रमिकमाथि आर्थिक भार पर्ने कुनै शुल्क वृद्धि नगर्न निर्देशन दिएपछि भण्डारी अघि बढ्न सकेनन् ।

भण्डारीको कार्यकालमा मन्त्रालयबाट भएका प्रत्येक निर्णयहरू व्यवसायीका पक्षमा रहेको मन्त्रालयका एक उच्च अधिकारी बताउँछन् । पछिल्लोपटक जापान र इजरायलमा वैदेशिक रोजगार व्यवसायीले नै श्रमिक पठाउन पाउनेगरी भण्डारीले कार्यविधि बनाएर कार्यान्वयनमा ल्याएका छन् । उनको यस निर्णयबाट सरकारसँग जिटुजी सम्झौता भएका ती मुलुकमा कामदार पठाउन व्यवसायीका लागि खुला भएको छ ।

---

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/११/२२ गते)

डम्बर बहादुर बि.क.को नातिनी, डण्ड बहदुर बि.क.को छोरी, हुक बहादुर बि.क.को पत्नी नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं ०१ बस्ने रुप कुमारी बि.क.को मिति २०८०/१०/०१ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको दलदले शाखामा रहेको रुप कुमारी बि.क. को खाता नं. १४५००७७२२०२००००२ मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको कान्छो छोरा श्री प्रकाश बि.क.ले यस बैंकको दलदले शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता वाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय दलदलेमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय दलदले, नवलपुर फोन नं. ०७८-५७५५४६/५७५१९४

---

### ट्राफिक गाईजर नेपाल प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **ट्राफिक गाईजर नेपाल प्रा.लि.** दर्ता नं.७२८६९/०६६/०६७ को मिति २०८०/०९/२९ गते बसेको वार्षिक साधारण सभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनुपर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः तेजप्रसाद खराल**
'कुरा त ठीकै हो कट्वाल । तर पनि गर्नेलाई भन्दा देख्नेलाई लाज भने जस्तो नि । अस्तिसम्म सनिस्टाराँ बसेर सराप्नु सरापेका होइनन् भन्या ?'

'हो त भान्दाइ, सनिस्टाराँ सरापेको कुरा पनि त मैले टयाम्को बजाएर सुनाको हो केरे ! एउटाले सनिस्टाराँ सराप्यो अर्कोले राइटारमा बसेर पलाक्यो त्यो कसलाई थाहा छैन र ? जे भए पनि एउटै कूलका हुन् मिलेर भतेर खाउन् भैगो नि !'

कट्वालका कुरा सुनेर भान्दाइलाई पनि खसखस लागे छ क्यार फेरि सोध्न थाले ।

'अनि कट्वाल त्यो खुलटारे काका र बालकोटे काकासँगै बसेर कति दिन भतेर खान सक्छन् हो ? एउटै जंगलाँ दुई शेर भनेजस्तो भएन भन्या ?'

'ल ऽ भान्दाइ पनि अब उहाँ देशाँ त मिलिमिली खाका छन् अरे ! भनेपछि हाम्रा खुमलटारे काका कम बाठा छन् । आफ्नो स्वार्थ पूरा भएन भने त कुरै नगरौं । जसरी हुन्छ आफ्नो दुनो सोझ्याउने हुन् । बिहान भर्खर सहराँ हिँडेका पूर्वेली नाइकेलाई बीच बाटैबाट मुखियाले फकाइदिएको थाहा पाउनुभएन ?'

'खै त्यो त मैले सुन्नै पाइनँ हो कट्वाल ।'

'तपाईं पनि मेलो मिलाउनु परो के ! यत्तिको मान्छे मुखियालाई भनेर आफैं नाइके बने भैगो नि । कस्ता-कस्ताले त भ्याइसके, भान्दाइ पनि ! तपाईं जत्तिको गाउँ बुझेको, ठाउँ बुझेको गाउँले बुझेका मान्छेलाई त के भो र हो ? दुनियाँलाई कति गर्नुहुन्छ अब आफ्नै लागि गर्नोस्, के बालकोटे काका जस्तै गरी । फिर्किपोइले ।'

'छाड्दे कट्वाल, अब केही हुनेवाला छैन । फिर्किपोइलेहरूले नै गरिखाउन् । अनि खास चौतारोमा के को भेलो हो नि ?'

'के हुनु नि । रात रहे औराख पलाउँछ भन्थे । हाम्रा मुखियालाई के मन परेन कुन्नी चार गाउँका नाइके फेरे रे ! त्यही भएर सबैलाई भुलाउन खोजेका होलान् जस्तो लाग्छ होइ मलाई ?'

'भुलाउन् भुलाउन् । गाउँलेलाई भुलाउन थालेकै यत्तिका वर्ष भइसक्यो । झूठको खेती गर्नबाहेक केही न पो आयो र हाम्रा मुखियाहरूलाई । खै आखिर केका लागि हो ? मर्न लाग्दा पानी ख्वाउने मान्छेसमेत नहुने भइसक्यो ? गाउँ रित्तिसक्यो ! जति नाइके फेरे पनि कुनै अर्थ छैन । नाइकेहरूलाई पो सबथोक छ । गाउँको लागि र गाउँलेको लागि के नै पो भाको छ र ?'

'हो भान्दाइ हो । बिहानदेखि चार गाउँ घुमेँ, गाउँमा कोही छैन । त्यही नाइके र नाइके बन्न खोज्नेका आसेपासेबाहेक मैले त कोही पनि देखिनँ । गाउँमा मान्छे भए पो नाइकेको पनि मान बढ्यो होला । सान हुन्थ्यो होला ? गाउँमा मान्छे नै नभएपछि त्यो नाइके भए पनि के, नभए नि के ?'

कट्वालको कुरा सुनेर भान्दाइ पनि खिन्न मन बनाउँछन् ।

'तिमीले टयाम्को बजाउन थालेको यत्तिका वर्ष भइसक्यो । तर यी नाइकेहरू फेरिने र मोटाउनेबाहेक के देख्यौं र ? न गाउँ बन्यो, न गाउँमा केही परिवर्तन नै आयो । आयो त सधैं पालैपालो गाउँ रित्तो बनाउनेगरी गाउँ लुट्ने नाइके र मुखिया । त्यो बाहेक के पायो र ?'

'त्यही हो भान्दाइ, त्यही हो । सबै नाइके मुखिया आफ्नै पेट भर्न आउने हुन क्यार ! तर भरे आउनुहोला चौतारोमा । हेरौं न नयाँ-नयाँ रूप्का नाइकेहरू ।'

'लौ लौ तिम्रै भलो चिताएँ । मचाहिँ आएन भन्देऊ, ठेउके नाइकेहरूको कुरूप अनुहार हेर्न । गाउँ बाँचे हामी नै बाँचौंला, गाउँ नै नभए हामी के पो रहौला ! ल ल आफ्नो कर्म नछाड बजाऊ टयाम्का ।'

भान्दाइ घरभित्र छिर्छन्, कट्वाल टयाम्का बजाउँदै गाउँ छिर्छ... ।

# भूकम्प प्रभावित क्षेत्रका महिला तथा बालबालिकामा कुपोषणको जोखिम

**जाजरकोट-** भूकम्पबाट क्षति भएको जाजरकोट, रुकुमपश्चिमका महिला तथा बालबालिकामा कुपोषणको जोखिम बढेको छ । जाजरकोट, रुकुमपश्चिमका साथै सल्यानका महिला तथा बालबालिकामा भूकम्पपछि कुपोषणको जोखिम बढेको हो ।

भूकम्पप्रभावित क्षेत्रमा तीन महिनासम्म सञ्चालन गरिएको स्वास्थ्य शिविरबाट उक्त कुरा पत्ता लागेको नेपाल परिवार नियोजन संघले जनाएको छ। संघकाअनुसार महिलामा इच्छा नभएरै गर्भवती हुने दर पनि बढेको छ ।

गत मंसिरदेखि माघसम्म परिवार नियोजन संघले सञ्चालन गरेको 'आधारभूत स्वास्थ्य सेवा कार्यक्रम' शिविरमा सेवा लिन आएका अधिकांश महिला तथा बालबालिकामा कुपोषणको जोखिम बढेको पाइएको कार्यक्रमका संयोजक वसन्त खनालले बताए । उनका अनुसार कार्यक्रमअन्तर्गत जाजरकोट र रुकुमपश्चिममा ४६ वटा स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो । विपद्का समयमा पोषिलो खानेकुरा खान नपाएकाले पनि कुपोषणको जोखिम बढेको उनको भनाइ छ ।

उक्त शिविरमा सात हजार ३०० भन्दा बढी भूकम्पप्रभावितलाई सेवा दिइएको खनालले जानकारी दिए । उनका अनुसार सेवा लिनेमा पुरुष ९४४, महिला छ हजार ३५५ छन् ।

संयोजक खनालले चार हजार १०९ पाठेघरको मुखको क्यान्सरको जाँच गरिएकामा १०६ जनामा क्यान्सरको सुरुआती अवस्था पत्ता लागेको जानकारी दिए । ५४५ महिलालाई गर्भपतन सेवा उपलब्ध गराएको थियो । भूकम्पपछि महिलामा इच्छा नभएरै गर्भवती हुने दर पनि बढेको उनले बताए ।

भूकम्पपछि यौनहिंसा कम गर्न, परिवार नियोजनको सेवा, एचआइभीबारे सचेतना अभिवृद्धि गर्न, अनिच्छुक गर्भधारण घटाउन संघ कार्यक्रम गरेको संयोजक खनालले बताए । कार्यक्रम जाजरकोटको भेरी र नलगाड नगरपालिका तथा बारेकोट र कुसे गाउँपालिकाका साथै रुकुमपश्चिमको आठबिसकोट नगरपालिका तथा सानीभेरी गाउँपालिकामा सञ्चालन गरिएको थियो ।

प्रभावित जिल्लामा बाह्रै महिना खान नपुग्ने, भूकम्पपछि खाना र बस्नको समस्या, सन्तुलित खानाको अभावले यहाँका महिला र बालबालिकामा कुपोषणको जोखिम बढेको कार्यक्रम संयोजक खनालको भनाइ छ। उनका अनुसार जाजरकोटको कुशे र बारेकोट गाउँपालिकामा कुपोषणको समस्या सबैभन्दा बढी पाइएको छ ।

त्यस्तै प्रभावित जिल्लामा अनिच्छुक गर्भधारणको समस्या पनि बढ्दै गएकाले सुरक्षित परिवार नियोजनका बारेमा जनचेतना जगाउनुपर्ने खनालले बताए । नलगाड नगरपालिकाका प्रमुख डम्बर रावतले पालिकामा अझै लगानी बढाएर प्रत्येक नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्ने योजना रहेको बताए । 'उत्पादनशील क्षेत्रमा घरटहरा निर्माण भएका छन् । खाद्यान्नको पनि समस्या भएकाले स्वास्थ्य समस्या देखिएको हो,' उनले भने ।

बारेकोट गाउँपालिकामा स्वास्थ्य, खाद्यान्नको समस्या रहेको भन्दै साझेदार निकायले सहयोग गर्नुपर्ने गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरीले बताए । आठबीसकोट नगरपालिकाका प्रमुख रवि केसीले विपद्का समयमा सबैले एकजुट भएर काममा लाग्नुपर्नेमा जोड दिए । *रासस*

# 'डिजिटल कर्णाली'का लागि १४ बुँदे प्रतिबद्धता

**कर्णाली (प्रस)-** कर्णाली प्रदेश सरकारले 'डिजिटल कर्णाली' निर्माणका लागि १४ बुँदे प्रतिबद्धता गरेको छ । यही फागुन १८-१९ गतेसम्म वीरेन्द्रनगरमा सम्पन्न राष्ट्रियस्तरको 'डिजिटल कर्णाली कन्क्लेभ' कार्यक्रममार्फत प्रदेश सरकारले १४ बुँदे प्रतिबद्धता जनाएको थियो । आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णबहादुर जिसीले सोमबार उक्त १४ बुँदे प्रतिबद्धता सार्वजनिक गरेका हुन् ।

सोहीअनुसार उनले चालु आर्थिक वर्षभित्र डिजिटल कर्णाली कन्क्लेभको आधिकारिक 'वेब पोर्टल' तयार गरी प्रदेश सरकारका डिजिटल तथ्यांक व्यवस्थापन गर्ने प्रतिबद्धता जनाए ।

आगामी आवभित्र डिजिटल प्रदेशको गुरुयोजना तर्जुमा गरी कार्यान्वयन प्रक्रियामा लगिने, सूचना प्रविधिसम्बन्धी उपलब्ध सेवासुविधाको अधिकतम उपयोग गरी सार्वजनिक सेवा प्रवाह तथा सुविधालाई गुणस्तरीय र प्रभावकारी बनाउन प्रदेश सरकारको एकीकृत सूचना प्रणाली निर्माण गर्ने जिसीले बताए ।

त्यस्तै डिजिटल शासनको सुविधा र सहज पहुँच विस्तारका लागि आवश्यक पूर्वाधार, संस्थागत व्यवस्था र क्षमता विकास गर्न नीति, योजना कार्यक्रम र बजेटको व्यवस्था, प्रदेशमा इन्टरनेट तथा विद्युत् ऊर्जाको भरपर्दो व्यवस्था गर्नका लागि दूरसञ्चार प्राधिकरण, टेलिकम र विद्युत् प्राधिकरणसँग आवश्यक समन्वय गर्ने उनको भनाइ छ ।

प्रदेशमा सूचना, प्रविधिसम्बन्धी दक्ष जनशक्ति उत्पादन तथा सीप विकासका निम्ति आइटी कलेज स्थापना गर्न पहल गर्ने, अन्य शैक्षिक संस्थालाई गुणस्तरीय प्राविधिक शिक्षा तथा सीपमूलक तालिम प्रदान गरी क्षमता विकास गर्दै जाने, प्रदेशअन्तर्गत सबै जिल्लामा डिजिटल साक्षरता अभिवृद्धि गर्न आवश्यक कार्यक्रम र अभियान सञ्चालनमा जोड दिने प्रतिबद्धता प्रदेश सरकारले गरेको छ ।

यहाँका सबै जिल्लामा कम्तीमा एउटा सरकारी वा सामुदायिक शैक्षिक संस्थामा डिजिटल पूर्वाधार विकास गरी आधुनिक तथा प्रविधिमैत्री शिक्षण सिकाइलाई प्राथमिकीकरण गरिने जनाइएको छ ।

प्रदेशमा आइटी उद्योग विकासका लागि कम्पनी स्थापना सञ्चालन गर्न प्रोत्साहन गर्ने र हरेक वर्ष कम्तीमा पाँच 'स्टार्टअप र इनोभेसन'का लागि विशेष सहयोग कार्यक्रम ल्याइने भन्दै यसका लागि प्रदेशमा अनुसन्धान केन्द्र सञ्चालनका लागि पहल गरिने कानुनमन्त्री जिसीले जानकारी दिए । उनका अनुसार प्रदेशमा स्नातक तहमा आइसिटी अध्ययन गर्ने गरिब तथा जेहेन्दार विद्यार्थीका लागि निश्चित कोटामा विशेष छात्रवृत्तिको व्यवस्था गरिने छ ।

प्रदेशस्तरका निकायमा इन्टरनेट सेवाको वैकल्पिक व्यवस्थापन एवं विपद्का समयमा खोज, उद्धार, सञ्चार स्थापना तथा राहतका लागि स्याटलाइट ब्रोडब्याण्डको व्यवस्था गरिने प्रतिबद्धतामा जनाइएको छ। स्थानीय तह, प्रदेश र संघ सरकारबाट प्रवाह भएका डिजिटल सेवालाई एकीकृत प्रणालीमा जोड्न सुरु गर्ने, प्रदेश सरकारअन्तर्गत विषयगत कार्य जिम्मेवारीअनुसारका मन्त्रालय र निकायलाई आआफ्नो कार्यक्रममा समावेश गर्न प्राप्त भएका सुझावलाई प्रतिवेदन बनाई प्रदेश सरकार र मुख्यमन्त्रीसमक्ष पेस गर्ने, डिजिटल कर्णाली कन्क्लेभबाट प्राप्त सुझावलाई आगामी दोस्रो पञ्चवर्षीय योजना र वार्षिक विकास कार्यक्रममा समावेश गर्ने प्रतिबद्धतासमेत प्रदेश सरकारले गरेको छ ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MARMOOM TOP TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/११/२० | LT No. 301004 | चलानी नं. ६०२१५९१५

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 25 | 0 | 1200 | ४३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Helper | 25 | 0 | 800 | २८,८३० | | | | | | | |
| 3 | Mason | 25 | 0 | 1200 | ४३,२४५ | | | | | | | |
| 4 | Steel Fixer | 25 | 0 | 1200 | ४३,२४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Basundhara - 3, Kathmandu, Nepal, Tel : +977-1-5903266, 985-1105656, 9801020501
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GENOA PLASTIC INDUSTRIES

पुर्व स्वीकृति मिति २०८०/१०/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२१ | LT No. 298372 | चलानी नं.६०२१३३७४

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: KD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HELPER/LABOR/CLEANER/WORKER | 40 | 0 | 100 | ४३,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZAKHAFA AL - FANN FOR MANUFACTURING COMPANY

पूर्व स्वीकृति मिति २०८०/११/१८ | LT. No. 300864 | चलानी नं. ६०२१५९३०

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load And Unload Labour | 1 | 0 | 1200 | ४२,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75

**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com, Web: www.muskanoverseas.com.np



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL AHAD AL ZAHER STATIONERY

पुर्व स्वीकृति मिति २०८०/११/२० | LT. No.: 301054 | चलानी नं. ६०२१५९२२

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: BHD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 4 | 2 | 120 | ४२,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.५६७/०६२/०६३

**Euro Tech Consultancy Pvt. Ltd.**
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Fax: +977-1-4355158,
Mob No. 9851021264, 9851084492



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TKK GARDEN

पूर्व स्वीकृति मिति २०८०/०२/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२१ | LT. No. 286389 | चलानी नं. ६०२०१८५४

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production, Harvesting & Post Harvesting | 3 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SLINGTEK W.L.L

पूर्व स्वीकृति मिति २०८०/११/२० | LT. No. 301005 | चलानी नं. ६०२१५९२४

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: BHD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 6 | 0 | 100 | ३५,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**कैलाश इन्टरनेशनल म्यानपावर प्रा.लि.**
श्रम ईजाजत नं. ३१७/०५९/०६०
सामाखुसी-२६, काठमाडौं, फोन नं. : ४९५७७३४, ४९८१९२२, ४९८३९४४,
Email: kailashmanpower@gmail.com, Web: www.kailashmanpower.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LALIGURANS WEDDING ORGANIZING COMPANY

पुर्व स्वीकृति मिति २०८०/०९/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२१ | LT. No. 297951 | चलानी नं. ६०२१२९५७

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 3 | 800 | २८,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter/Waitress | 15 | 3 | 1200 | ४३,२८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AYED MUSAD BIN ABDULLAH AL ZAHRANI TRADING EST

पूर्व स्वीकृति मिति २०८०/११/२१ | LT. No. 301064 | चलानी नं. ६०२१५९७६

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee. | 2 | 0 | 1200 | ४२,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com, Web: www.honestyoverseas.com.np


## Kalika Municipality
## Office of Municipal Executive

Redcrossgram, Chitwan
Bagmati Province

### INVITATION FOR BIDS

**Contract Identification No: 018/Works/NCB/KM/080/081**
**First date of publication: - 2080-11-22 (5th March, 2024)**

1. Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan invites electronic sealed bids from eligible bidders for construction of road **"Gaduwa Chowk Dekhi Bharatpur Jodney Khagedi Pool Sammako Sadak Tatha B.P Chowk Dekhi Purwa 4 No Ward Karyalaya Tarfa Sadak Marmat" mentioned in the table below.**

| S.N. | Contract No. | Description of Work | Bid Validity/ Bid Bond Validity Period | Estimated Amount (NRs.) Inclusive VAT and PS | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | 018/Works/NCB/ KM/080/081 | **Gaduwa Chowk Dekhi Bharatpur Jodney Khagedi Pool Sammako Sadak Tatha B.P Chowk Dekhi Purwa 4 No Ward Karyalaya Tarfa Sadak Marmat** | 120 days from the day of bid opening (**must ve valid Up to 2081-04-18 (2nd August 2024)**) | **1,73, 87,187.97** | **4,00,000.00** | **3,000.00** |

**Account details for purchasing bidding document and bid security deposit**
Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.
Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.
Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, **राजस्व शिर्षक नं: १४२१९**
Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata
**Last Date of Sealed Bids Submission Date: Before 12 PM on 2080-12-22 (4th April, 2024)**
**Sealed Bids Opening Date: At 13:00 PM on 2080-12-22 (4th April, 2024)**
Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan during office hours or may visit **PPMO's e-GP systemwww.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**

# प्रभाव दैनिक

रूपशाला


## 'लौननी' मा स्नेश र करिश्माको ठुम्का

गायन दिनेश श्रेष्ठ र गायिका रचना रिमालको स्वर रहेको नयाँ लोकदोहोरी गीत 'लौननी' सार्वजनिक गरिएको छ । स्नेश दानीको शब्द रहेको गीतमा श्रेष्ठले नै संगीत भरेका हुन् । गीतको भिडिया निकै आकर्षक शैलीमा निर्माण भएको छ । भिडियोमा गीतकार स्नेशले मोडल करिश्मा ढकालसँग ठुम्का लगाएका छन् । विनोद बमको सम्पादन, मुकेश हुमागाईको छायांकन रहेको भिडियो भिडिओलाई अमन रानाले निर्देशन तथा कोरियोग्राफी गरेका हुन् । गायक श्रेष्ठकै युट्युब च्यानलबाट सार्वजनिक गीतको भिडियोले दर्शक श्रोताले मन जित्ने गायक श्रेष्ठले बताए । यसअघि दिनेशका बरै, उलुलु, गैरी पिपल, सुपर गाडी, रानी हजुर, ए परदेशी लगायत दजनौं गीत लोकप्रिय छन् ।




मंगलबार २२, फागुन २०८० (Tuesday, March 5, 2024)




## उपहारमा अहिलेसम्मकै फरक चरित्र छ : पूजा

■ प्रभाव संवाददाता

**काठमाडौं** – अभिनेत्री पूजा शर्मा यही शुक्रबारबाट रिलिज हुने फिल्म 'उपहार'मा 'पूजा' चरित्रमा देखिँदैछिन् । उनकै भनाईमा दर्शकले उनलाई यसअघि उनले अभिनय गरेका फिल्ममा भन्दा फरक चरित्रमा देख्नेछन् । 'फिल्ममा म गाउँबाट सहर झरेकी पूजा चरित्रमा छु । काठमाडौंमा बाँच्न र पैसा कमाउनका लागि कस्तो काम गर्दा रहेछन् भन्ने चरित्र मैले निभाएकी छु । भन्नाले उसले गलत बाटो पनि अपनाउँछ । अहिलेका टिनएजमा भइरहेको घटनालाई ममार्फत देखाएको छु', पूजा भन्छिन् ।

पूजाको अनुभवमा अहिलेको समयमा विशेषत युवापुस्ताको ध्यान नै कसरी पैसा कमाउने भन्ने मै छ । 'उपहारमा पूजाले पनि जस्तो सुकै काम गरेर भए पनि पैसा कमाउनुपर्यो भन्ने सोच राख्छे । तर उसमा आफूले गलत काम गरिरहेको छु र गलत काम गर्नुहुँदैन भन्ने सोच पनि हुन्छ', आफ्नो फिल्मी चरित्रबारे पूजा खुल्छिन् ।

पूजाका अनुसार उनीबाहेक धेरै अभिनेत्रीलाई 'पूजा' चरित्र निभाउन प्रस्ताव गरिएको थियो । तर अधिकांशले त्यो चरित्र निर्वाह गर्न चाहेनन् । अन्ततः त्यो चरित्र निभाउने जिम्मा पूजाकै काँधमा आइलाग्यो ।

'अन्तिममा बेनिशालाई यो कथा सुनाउँदा उसले 'दिदी यो कथा मलाई सुहाउँदैन' भनेपछि मैले यो चरित्र निभाएँ । खासमा बेनिशाको क्यारेक्टर मैले गर्न लागेको थिएँ । तर बेनिशाले 'पूजा'को चरित्र नगर्ने भएपछि अन्ततः मैले नै निभाएँ', पूजाले भनिन् ।

पूजाका अनुभवमा मान्छेहरू फिल्ममा अभिनय गर्दा आफूलाई नकारात्मक भूमिकामा देखाउन चाहँदैनन् । त्यसकारण पनि अन्य अभिनेत्रीहरूले 'पूजा' चरित्रलाई अस्वीकार गरे ।

'एउटा कलाकार भएपछि जुनसुकै चरित्र निभाउनुपर्छ । यो मेरो लागि नयाँ चिज हो भन्ने मलाई भयो । मैले चरित्रमा जोखिम नै मोलेको हो',पूजा भन्छिन्, 'तर मेरो अपोजिटमा शिशिर राणा हुनुहुन्छ भन्ने थाहा पाएपछि मलाई यो चरित्र निभाउन सहज भयो । किनकी उहाँ मेरा लागि अभिभावक हो र पहिलादेखि पनि सहकार्य गरेकाले सहज भयो ।'

हरेक फिल्ममा सकारात्मक भूमिकामा मात्र देखिने पूजा आफैंलाई पनि नकारात्मक चरित्र मनपर्दैन । 'यो चरित्र निभाइरहँदा कस्तो नराम्रो देखिँदो रहेछ भन्ने पनि भयो । तर कलाकारले जस्तो पनि क्यारेक्टर निभाउनुपर्छ । अहिले पुरुषका लागि बोलिदिने कोही छैनन् । तर नारीका लागि मिडियाहरू यति सहयोगी भइदिए कि उनीहरू मिडियामा खुलेर आफ्नो कुरा राख्न सक्छन्', उनी भन्छिन् ।

पूजाका लागि 'पूजा' चरित्र उत्तिकै चुनौतिपूर्ण पनि बनेको रहेछ । किनकी यो चरित्रमा उनीबाहेक कोही पनि अभिनेत्रीले काम गर्न चाहेका थिएनन् । 'यस्तो चरित्र भएको मान्छे समाजमा धेरै देखेको छु । उनीहरूलाई यस्तो काम नगर भनेर सल्लाह पनि दिने गरेकी छु', उनी भन्छिन् ।

रेखा फिल्मस् र कपनगढी सिनेमा प्रालिको ब्यानरमा रेखा थापा प्रस्तुतकर्ता रहेको फिल्ममा ज्ञानेन्द्र देउजाको निर्देशन छ ।

# मिस वर्ल्डको 'ब्युटी विथ पर्पस'को उत्कृष्ट १० मा प्रियंकारानी

■ प्रभाव संवाददाता

**काठमाडौं** – मिस नेपाल वर्ल्ड २०२२ प्रियंकारानी जोशी मिस वर्ल्डको विधा 'ब्युटी विथ पर्पस'को उत्कृष्ट १० मा छनोट भएकी छन् । सोमबार भएको यो विधाको प्रतिस्पर्धामा जोशी उत्कृष्ट १० मा छनोट भएकी हुन् ।

जोशी यसअघि 'हेड टु हेड च्यालेन्ज' विधाको उत्कृष्ट २५ मा छनोट भएकी थिइन् । उत्कृष्ट १० मा नेपालसहित बोत्स्वाना, ब्राजिल, चेक रिपब्लिक, इण्डोनेसिया, तान्जानिया, ट्रिनिडाड एण्ड टोबागो, टर्की, युगाण्डा र युक्रेन पनि छनोट भएका छन् ।

प्रियंकाले 'ब्युटी विथ पर्पस' मा चितवनको इच्छाकामना गाउँपालिकास्थित अपरदाङगढीमा केन्द्रीय विद्युत प्रसारण लाइन पुऱ्याउन पहल गरेकी थिइन् । यसबाहेक स्थानीय विद्यालयको मर्मत सम्भारदेखि स्थानीय उद्यमशीलताको विकास गर्ने कार्य पनि उनले गरेकी थिइन् ।



भारतको मुम्बईमा भइरहेको मिस वर्ल्डको फिनाले यही शनिबार हुँदैछ । सोही बेला सबै विधाका विजेताहरूको नाम घोषणा हुनेछ ।

# मोफसलमा दर्शक भेट्दै 'महाजात्रा'

■ प्रभाव संवाददाता

**काठमाडौं** – यसवर्षको प्रतिक्षित नेपाली फिल्म 'महाजात्रा' निर्माण समुह दर्शक भेट्न मोफसल यात्रामा निस्किएको छ । ट्रेलर सार्वजनिक दिन नै 'महाकमेडी यात्रा' अन्तर्गत फिल्मका निर्माता म्याक्स दीपेश खत्री, निर्देशक प्रदीप भट्टराई, अभिनेता हरिवंश आचार्य, रवीन्द्र सिंह बानियाँ, अभिनेत्री वर्षा राउत लगायतको टोली पोखरा पुगेको छ । पहिलो चरण अन्तर्गत 'महाकमेडी यात्रा' २१ गते पोखराबाट सुरु भई २२ गते बुटवल, २५ गते धनगढीमा हुनेछ ।

यसको दोस्रो चरण फागुन ३० गते विर्तामोडबाट सुरू भई १ गते इटहरी, ३ गते हेटौडा र ४ गते नारायणगढमा हुनेछ । भ्रमणमा फिल्म युनिटसँगै अभिनेत्री दीपाश्री निरौला, कमेडियन सुमन कार्की, मेक्सम गौडेल, कैलाश कार्की, सजन श्रेष्ठ, सुमन कोइराला, प्रभात लामा, सन्तोष थापासँगै कमेडी च्याम्पियनको तेस्रो सिजनका प्रतियोगीले तयार गरेका विभिन्न प्रस्तुतीमार्फत रोड शोमा दर्शकलाई मनोरञ्जन दिनेछन् ।

'हामीले फिल्मको प्रदर्शन अगाडि मोफसलका विभिन्न सहरमा पुगेर दर्शक भेटघाट गर्न लागेका हौँ । दर्शकसँग साक्षात्कार गर्दा हामीसँग रियालिटी शोमार्फत उदाउनुभएका कमेडियनसँगै हाम्रो फिल्मका कलाकारहरू हुनुहुनेछ', निर्माता खत्रीले बताए ।

निर्देशक प्रदीप भट्टराईले लेखन तथा निर्देशनमा 'जात्रा' र 'जात्रै जात्रा' को व्यावसायिक र समीक्षात्मक सफलतापछि तयार भएको तेस्रो शृफ्ला 'महाजात्रा' हो । 'जात्रा' शृफ्लाकै कलाकारहरू विपिन कार्की, रवीन्द्रसिंह बानियाँ, रवीन्द्र झा, वर्षा राउत, अरविन खड्का, राजाराम पौडेलसँगै यसपटक अभिनेता हरिवंश आचार्य थपिएका छन् ।

यसपटक पैसा व्यवस्थापन गर्दा आइपर्ने समस्यानै फिल्मको कथा रहेको छ । तीन पात्रले पैसालाई लुकाउन खोज्दा विभिन्न परिस्थितिको सामना गर्छन् । जीवन समृद्ध तुल्याउने सपना र आपतकालीन रूपमा प्राप्त हुने अवसर व्यवस्थापन गर्दा आइपर्ने समस्यालाई रोचक रूपले प्रस्तुत गरिने फिल्ममा हासो र रोदनको मिश्रण छ । फिल्म चैत ९ गते नेपालसहित विश्वभर एकसाथ प्रदर्शन हुँदै छ ।



### साफ यू-१६ महिला फुटबल

# नेपालद्वारा भुटान पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं** – साफ यू-१६ महिला च्याम्पियनशिप फुटबल प्रतियोगितामा नेपालले भूटानलाई पराजित गरेको छ ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सोमबार सम्पन्न खेलमा नेपालले भूटानलाई ३-० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो । नेपालका लागि पूजा गिरी, भूमिका बुढाथोकी र ग्यान्सु डोल्मा लोले समान एक-एक गोल गरे । खेलको १४औं मिनेटमा पूजाको गोलमार्फत नेपालले पहिलो अग्रता लियो । पूजाले गोल गरेको चार मिनेटपछि कप्तान भूमिकाले गोल गर्दै नेपालको अग्रता दोब्बर बनाइन् ।

खेलको ३१औं मिनेटमा ग्यान्सुले एक गोल थपिन् । त्यसपछि खेलमा गोल हुन सकेन र नेपालले भूटानमाथि सहज जित निकाल्यो । जितसँगै नेपालले प्रतियोगितामा पहिलो जित हासिल गरेको थियो । नेपाल




पहिलो खेलमा बङ्गलादेशसँग २-० ले पराजित भएको थियो । यससँगै नेपालले प्रतियोगितामा तीन अङ्क बटुलेको छ । अब नेपालले यही फागुन २४ गते भारतसँग खेल्नेछ ।

# नेपाल र नेदल्याण्ड्सबीचको फाइनल आज

■ प्रभाव संवाददाता

**काठमाडौं** – घरेलु मैदानमा जारी त्रिकोणात्मक टी-२० अन्तर्राष्ट्रिय क्रिकेट शृंखलाको उपाधिका लागि नेपाल र नेदरल्यान्ड्स आज (मंगलबार) भिड्दैछन् ।

नेपाल, नेदरल्यान्ड्स र नामबियाबीचको सिरिजअन्तर्गतको आफ्ना चार खेलमध्ये नेपालले २ खेलमा जित हात पार्दै ४ अंकसहित फाइनल प्रवेश गरेको हो नेदरल्याण्डस् भने २ मा जित र एक खेलमा नतिजाबिहीन भएर ५ अंकसहित फाइनल प्रवेश गरेको हो । त्यस्तै नामिबियाले एक जित र एक नतिजाबिहीनका साथ ३ अंकका साथ तेस्रो बनेको थियो ।




सुरुका दुई खेलमा पराजित भएको नेपालले त्यसपछिका लगातार दुई खेल जितेर फाइनलमा स्थान बनाएको थियो ।

नेदरल्यान्ड्सले सुरुका दुवै खेल जितेको थियो भने तेस्रो खेलमा नेपालसँग हार ब्यहोरेको थियो । सुरुका दुई खेलमा एक जित र एक हारको नतिजा निकालेको नामिबिया तेस्रो खेलमा नेपालसँग पराजित भएको थियो । यसैबीच फाइनल खेलका लागि नेपाल क्रिकेट संघ क्यानले त्रिकोणात्मक क्रिकेट सिरिजको फाइनल खेलमा १२ हजार टिकट मात्र बेच्ने भएको छ ।

सोमबार सुचना जारी गर्दै क्यानले नेदरल्याण्ड्सविरुद्ध नेपालले खेल्ने फाइनल खेलमा १२ हजार मात्र टिकट बिक्री गर्ने जनाएको हो । क्यानले सोमबार बिहानसम्म आधा भन्दा बढी टिकट बिक्री भैसकेको समेत जनाएको छ ।

सर्वसाधारणले क्यानको अफिसियल टिकेटिङ पार्टनर आईएमई पेबाट टिकट लिन सक्नेछन् । यस वर्ष हुने टी ट्वान्टी विश्वकप खेल्न लागेको नेपालले प्रतियोगिताको तयारी स्वरूप टी ट्वान्टी सिरिजको आयोजना गरेको हो ।

### सूर्य नेपाल गल्फ टुर

# पहिलो दिन रामे मगरलाई अग्रता

■ प्रभाव संवाददाता

**काठमाडौं** – सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको पाँचौं प्रतियोगिता, सूर्य नेपाल च्यालेन्जको पहिलो दिन ३-अन्डर ६५ को स्कोरमा भेट्रान प्रो रामे मगर शीर्षस्थानमा रहेका छन् । रामेले एमेच्योर युवा गल्फर तथा डिफेन्डिङ्ग च्याम्पियन सदभाव आचार्यलाई एक स्ट्रोकले पछि पारे । २-अन्डर ६६ सहित सदभाव आचार्य दोस्रो स्थानमा रहदाँ १-अन्डर ६७ सहित भुवन नगरकोटी र धन बहादुर थापा संयुक्त रूपमा तेस्रो स्थानमा रहे । इभन-पार ६८ खेलेका टंक बहादुर कार्की पाँचौं र १-ओभर ६९ सहित रवि खड्का छैटौं स्थानमा छन् ।

२-ओभर ७० को स्कोरमा पहिलो दिनको खेल सकाएका रमेश अधिकारी, सूर्य प्रसाद शर्मा र दिनेश प्रजापतिले संयुक्तरूपमा सातौं स्थानमा रहेका छन् । यसैगरी पशुपति शर्मा, जयराम श्रेष्ठ, दीपक मगर, तोरण विक्रम शाही तथा एमेच्योर गल्फरद्वय राहुल बिके र टासी छिरिङले ३-ओभर ७१ को नतिजामा संयुक्तरूपमा १०औं स्थान बाँडे ।

लामो समयपछि शीर्षस्थानमा रहन सफल रामेले उत्कृष्ट प्रदर्शनमा फ्रन्ट नाइन ३-अन्डर ३१ मा पुरा गरे । उनले पहिलो, दोस्रो र चौथो होलमा बर्डी प्रहार गरे । ब्याक नाइनमा पनि १०औं, १२औं र १३औं होलमा एक-एक सट बचाउँदा ६-अन्डरको स्थितिमा पुगिसकेका थिए । तर ४-पारको १६औं होलमा डबल बोगी र १८औं होलको बोगीले ब्याक नाइन इभन-पार ३४ मा सकाए ।

राष्ट्रिय टिमका सदस्य एमेच्योर गल्फर सदभावले फ्रन्ट नाइनमा ३-अन्डर ३१ को उत्कृष्ट प्रदर्शन गरे । छैटौं होलको बोगी विरूद्ध चार बर्डी प्रहार गरे । उनले पहिलो, दोस्रो, सातौं र आठौं होलमा एक-एक सट बचाए । ब्याक नाइनमा तीन बर्डी र चार बोगी प्रहार गरे । ११औं, १३औं र १६औं होलमा बर्डी प्रहार गरे पनि १२औं, १४औं, १५औं र १७औं होलमा एक-एक सट खेर फाल्दा ब्याक नाइन १-ओभर




३५ मा पुरा गर्न बाध्य भए ।

सिजनको चौथो प्रतियोगिता सूर्य नेपाल वेस्टर्न ओपन विजेता भुवनले चौथो र पाँचौ होलको बर्डीको सहायताले फ्रन्ट नाइन २-अन्डर ३२ मा सकाए । यसपछि १०औं होलमा एक सट बचाए भने १३औं र १६औं होलको बोगीले ब्याक नाइन १-ओभर ३५ मा पुरा गरे ।

धनले सुरूवात राम्रो गर्न सकेनन् । दोस्रो, पाँचौ र सातौं होलमा बोगी खेप्दा नवौं होलको बर्डीले फ्रन्ट नाइन २-ओभर ३६ मा सकाए । ब्याक नाइनमा भने लय समाते । १०औं, ११औं, १३औं र १५ औं होलमा बर्डीको सफलता प्राप्त गरे भने १७औं होलको बोगीले ब्याक नाइन ३-अन्डर ३१ मा पुरा गरे । चारदिनसम्म चल्ने ७२ होलको प्रतियोगितामा ३१ प्रोफेसनल र ११ एमेच्योर खेलाडीको सहभागीता रहेको छ । ३६ होलको समाप्तीमा कट लागु हुनेछ । जहाँ उत्कृष्ट २१ खेलाडीले तेस्रो र चौथो दिनको लागि स्थान सुरक्षित गर्नेछन् । एमेच्योर खेलाडीको हकमा पनि कट बनाउन उत्कृष्ट २१ भित्र पर्नुपर्नेछ ।

कुल ५ लाख ७२ हजार २ सय ५० नगद पुरस्कार राशी रहेको प्रतियोगिताको विजेताले नगद १ लाख पुरस्कार प्राप्त गर्नेछ । दोस्रो र तेस्रो हुने खेलाडीहरूले क्रमश ६७ हजार र ४८ हजार हात पार्नेछन् ।यसैगरी चौथो हुनेलाई ४० हजार र पाँचौ हुनेलाई ३६ हजार प्रदान गरिनेछ । कट बनाउने २१ प्रोफेसनल गल्फरले नगद पुरस्कार प्राप्त गर्नेछन् ।

# बंगलादेशका नोबेल पुरस्कार विजेतालाई भविष्यको चिन्ता

**ढाका-** बंगलादेशका नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसले प्रधानमन्त्रीले आफूलाई किन घृणा गर्छन् भन्ने 'लाखौं डलरको प्रश्न' भएको बताएका छन् । यद्यपि धेरै मानिसले प्रधानमन्त्रीले उनलाई राजनीतिक खतराको रूपमा हेरेको विश्वास गर्छन् ।

त्रियासी वर्षीय युनुसलाई उनको अग्रणी लघुवित्त बैंकका साथ लाखौं मानिसलाई गरिबीबाट बाहिर निकालेको श्रेय दिइन्छ तर उनले लामो समयसम्म प्रधानमन्त्री शेख हसिनाको दुश्मनी कमाएका छन् । एउटा आपराधिक मुद्दामा उनलाई सजाय दिइएको केही सातापछि गत महिना उनका धेरै फर्महरूलाई 'जबर्जस्ती' कब्जामा लिइएको थियो । उनका समर्थकहरूले उनलाई दिइएको सजाय राजनीतिकरूपमा प्रेरित भएको बताएका छन् ।

'उहाँ मलाई खुन चुसाहा भन्नुहुन्छ, मलाई सबै फोहोर शब्दले गाली गर्नुहुन्छ,' युनुसले हसिना स्वयंलाई सीधा आरोप लगाउन सावधानी अपनाउँदै भने, 'उहाँ मलाई किन घृणा गर्नुहुन्छ ? केही मानिस यो राजनीतिक हो र उहाँ मलाई एक राजनीतिक प्रतिद्वन्द्वीका रूपमा हेर्नुहुन्छ भन्छन् ।'

जनवरीमा युनुस र उनले स्थापना गरेका कम्पनीहरूमध्ये एक ग्रामीण टेलिकमका तीन सहयोगीलाई श्रम कानुनको उल्लंघन गरेको आरोपमा छ महिनाका लागि कारागार सजाय सुनाइएको थियो । चारै जनाले ती आरोपहरूलाई अस्वीकार गरेका छन् र पुनरावेदन विचाराधीन रहेसम्म जमानत दिइएको छ ।

श्रम कानुनको उल्लंघन र कथित भ्रष्टाचारको आरोपमा १०० भन्दा धेरै अन्य आरोपहरूको सामना गरिरहेका युनुसले आफ्ना कम्पनीहरू जबर्जस्ती अधिग्रहण गर्नु लोकतन्त्रको अभावले भएको बताए । 'ती मुद्दा कमजोर आधारमा बनाइएका हुन्,' गत साता राजधानी ढाकामा एक अन्तरवार्तामा उनले भने, 'म यसका लागि कुनै कानुनी आधार देख्दिनँ, सम्भवतः यो राजनीतिकरूपमा प्रेरित हो ।'

अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामा र संयुक्त राष्ट्रसंघका पूर्वमहासचिव बान कि मुनसहित करिब १६० वैश्विक हस्तीहरूले गत वर्ष एक संयुक्त पत्र प्रकाशित गर्दै युनुनको 'निरन्तर न्यायिक उत्पीडन' को निन्दा गरेका थिए । उनका १०० भन्दा धेरै नोबेल पुरस्कार विजेता साथीसहित हस्ताक्षरकर्ताहरूले उनीहरूलाई 'उनको सुरक्षा र स्वतन्त्रता' को डर भएको बताएका छन् ।

विपक्षीहरूको व्यापक बहिष्कार र आफ्ना राजनीतिक विरोधीहरूविरुद्ध ठूलो कारबाहीसँगै वास्तविक विपक्षी दलहरूविनाको मतदानमा ७६ वर्षीया हसिनाले जनवरीमा आफ्नो लगातार चौथो आमनिर्वाचन जिते ।

बंगलादेशी अदालतहरूमाथि आलोचकहरूले हसिना सरकारले लिएका फैसलालाई औपचारिकरूपमा अनुमोदन गरेको आरोप लगाएका छन् । 'यो एक दलीय राज्य हो किनकि अन्य दलहरूको कुनै गणना हुँदैन, हामी आफ्नो विचार व्यक्त गर्न सक्तैनौं र मतदान केन्द्रमा गएर आफ्नो मताधिकारको प्रयोग गर्न सक्तैनौं,' आलोचकहरूले भनेका छन् ।

सन् २००७ मा युनुसले दशकौंदेखि हसिना र उनका प्रतिद्वन्द्वी खालिदा जियाको प्रभुत्वमा रहेको राजनीतिमा तेस्रो विकल्प प्रस्तुत गर्नका लागि 'नागोरिक शक्ति' अर्थात् 'नागरिक शक्ति' आन्दोलन सुरू गरेका थिए । तर सत्ता संघर्ष र झगडाका प्रतिद्वन्द्वीहरूले आफूलाई निराश बनाएपछि उनले राजनीतिबाट पछि हटेको बताए ।

'म कुनै राजनीतिक व्यक्ति होइन, मैले त्यस्तो गर्दिनँ, त्यसैले मैले कुनै राजनीतिक दल खोल्न गइरहेको छैन भनेर तुरुन्त घोषणा गरेँ,' उनले भने। उनले लोकतान्त्रिक अधिकारहरूको अत्यावश्यकतामाथि जोड दिए ।

'यदि तपाईंसँग लोकतन्त्र छैन भने मानवअधिकार लोप हुन्छ,' उनले भने, 'किनकि कसैले आपत्ति गर्दैन, तपाईंको रक्षा गर्ने कोही छैन, कानुनको शासन हराएको छ ।'

उनी आफ्ना कम्पनीहरू कब्जा गर्ने पछिल्लो प्रयास सरकारले गरेको थियो भन्नेबारे नबोल्न सतर्क हुनुहुन्छ तर उनले आधिकारिक प्रतिक्रियाको पूर्ण अभाव रहेको बताए । 'कानुनको शासन भए भवन, कार्यालयका विषयमा म प्रहरीकहाँ जाँदा प्रहरी तुरुन्तै आइपुग्छ किनकि उनीहरूको जिम्मेवारी मेरो रक्षा गर्नु हो,' उनले भने, 'प्रहरीले यस्तो गरेको छैन, उनीहरू गए मात्र, उनीहरूले केही पनि गल्ती देखेनन्, यो कानुनको शासन होइन ।'

उनलाई कार्बन उत्सर्जन कम गर्ने, बेरोजगारी अन्त्य गर्ने र गरिबी घटाउने उद्देश्यको 'थ्रि जिरो' योजनाको भविष्यमाथि डर छ । 'मलाई कारागारमा हालियो भने मानिसहरूले नयाँ संसार बनाउनका लागि आफ्नो दिन-रात खर्च गरिरहेको यो विश्वमा जारी सम्पूर्ण आन्दोलनका लागि ठूलो धक्का हुनेछ,' उनले भने ।

यद्यपि स्विट्जरल्यान्ड वा अमेरिकामा स्व-निर्वासनमा काम जारी राख्ने प्रस्तावलाई अस्वीकार गर्दै युनुस बंगलादेशमै बस्न कटिबद्ध छन् । 'मलाई यहीँ रहनुपर्छ र यहीँबाट सबै सुरू भएको छ,' उनले भने, 'यो म मात्र होइन, यसप्रति समर्पित मुलुकभर मेरो पूरा समूह छ, उनीहरूले सम्पूर्ण जीवन यसैमा बिताएका छन्, यदि म स्थानान्तरण भएँ भने सम्पूर्ण कुरा बिग्रिने छ, यसले सम्पूर्ण कुरा नष्ट हुने छ ।' *रासस/एएफपी*

## पाकिस्तानमा भारी वर्षाका कारण ३६ जनाको मृत्यु, ४१ घाइते

**इस्लामाबाद-** पाकिस्तानको राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (एनडिएमए) ले फेब्रुअरी २७ देखि मार्च ३ सम्म परेको भारी वर्षा र हिमपातमा परी कम्तीमा ३६ जनाको मृत्यु हुनुका साथै ४१ जना घाइते भएको जनाएको छ ।

मृत्यु हुनेमा २१ जना बालबालिका, नौ जना पुरुष र छ जना महिला रहेको आइतबार राति जारी गरिएको विज्ञप्तिमा जनाइएको छ ।

वर्षाको कारण सबैभन्दा बढी प्रभावित उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा २७ जनाको मृत्यु भएको थियो । यसैगरी, दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तमा पाँच जनाको मृत्यु भएको छ भने पाकिस्तान अधिनस्थ कास्मिरमा चार जनाको मृत्यु भएको थियो ।

भारी वर्षाले ४६९ घरहरूमा पूर्ण वा आंशिक रूपमा क्षति भएको छ भने अनुमानित ६१ गाईवस्तु मरेका प्रतिवेदनले जनाएको छ । *रासस/सिन्ह्वा*

## चुनावपछि अमेरिका-चीन सम्बन्धमा सुधार आउने बेइजिङको विश्वास



**बेइजिङ-** चीनले आगामी नोभेम्बरमा हुने राष्ट्रपतीय निर्वाचनमा जो सुकैले जिते पनि अमेरिकासँगको सम्बन्धमा सुधार आउने विश्वास लिएको छ । बेइजिङ र वासिङ्टनबीच हालैका वर्षहरूमा प्रविधि, व्यापार, मानव अधिकारका साथै ताइवान र दक्षिण चीन सागरमा प्रतिस्पर्धात्मक दाबीका मुद्दाहरूमा टकराव छ ।

ह्वाइट हाउसको नेतृत्वका लागि राष्ट्रपति जो बाइडेनविरुद्ध पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पलाई चुनौती दिने गरी आगामी नोभेम्बरमा हुने चुनावमा अमेरिकीहरूले भाग लिने छन् । 'तपाईंले अमेरिकी राष्ट्रपतिको चुनावको बारेमा उल्लेख गर्नुभयो, यो संयुक्त राज्य अमेरिकाको आन्तरिक मामिला हो,' चिनियाँ संसद्का प्रवक्ता लू किन्जियानले सोमबारको पत्रकार सम्मेलनमा भने ।

'संयुक्त राज्य अमेरिकाले चीनसँग जो सुकै राष्ट्रपति भए पनि अमेरिकाले एउटै लक्ष्यका साथ अर्थात् स्थिर, स्वस्थ र दिगो चीन-अमेरिका सम्बन्धका लागि काम गर्न सक्छ भन्नेमा हामी पूर्ण आशा गर्छौं,' लूले भने ।

चीनको स्थिति स्थिर रहेको र चीन-अमेरिकाबीचको सम्बन्ध स्थिर र सुधारिएको अवस्थामा देख्न सबै आतुर रहेको उनले बताए । *रासस/एएफपी*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MARASINA CONTRACTING EST

पूर्व स्वीकृति मिति: २०८०/११/२० | LT No. 301028 | चलानी नं. ६०२१५९१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६३,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Faraz International Overseas Pvt. Ltd

Govt. License 1553/079/80

Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal,
Contact: 9847416116, Email: hiringalfaraz@outlook.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAFIR PLUS VALET PARKING SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/१०/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२१ | LT. No.299037 | चलानी नं.६०२१३९७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 33 | 0 | 1000 | ३६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INTEGRATED PARKING SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/१०/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२१ | LT. No.299036 | चलानी नं.६०२१३७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 50 | 0 | 1000 | ३६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुलक

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd.

श्रम ईजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW ALPHA MEDICAL COMPANY

पूर्व स्वीकृति मिति २०८०/११/२० | LT. No. 301059 | चलानी नं. ६०२१५९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 1 | 0 | 1700 | ६०,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

कम्पनी : MASSADR HUMAN RESOURCE SERVICE COMPANY

पूर्व स्वीकृति मिति २०८०/११/२० | LT. No. 300999 | चलानी नं. ६०२१५९१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 60 | 0 | 1000 | ३५,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)

श्रम ईजाजत नं. ३३६/०५९/०६०

Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WARISAN PUSTAKA SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/११/३० | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२१ | LT. No.282521 | चलानी नं. ६०१९८०७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 26 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Haya Recruitment Pvt. Ltd.

श्रम ईजाजत नं. १०९३/०७३/०७४

Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610
E-mail : alhaya.recruitment@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VINE GRAPE LEAVES RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८०/११/२० | LT. No. 301040 | चलानी नं.६०२१५९४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HELPER(INDOOR) | 0 | 15 | 85 | ३६,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD

Govt. License No. 1613/079/080

Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



Provincial Government
Sudurpashchim Province
Ministry of Internal Affairs' and Law
Dhangadhi, Kailali

## Invitation for Online Bids

Date of Published- 2080/11/22 (Mar 5th, 2024)

Ministry of Internal Affairs' and Law,Sudurpashchim Province,Dhangadhi, Kailali invites online bids from registered, eligible and interested biddersfor the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system http://bolpatra.gov.np/egp.

| Contract Identification Number | Description of Works | Cost of Bidding Document | Last date and time of bid submission electronically | Date of bid opening time and place | Bid Security | Account Details |
|---|---|---|---|---|---|---|
| 3-MOIAL/MSHC/080-08 | Multipurpose Shelter House Construction at Bajhang. | NRs. 3,000.00 | 2080/12/27 till 12:00 Hrs from e-GP system http://bolpatra .gov.np/egp | 2080/12/27 13:00 Hrs at Ministry of Internal Affairs' and Law, Dhangadhi, Kailali. | NRS. 75,000 | Rajaswa Account Number- 1000100200010000 Rajaswa Shirshak no. 14229 Bank Name: Rastriya Banijya Bank, Dhangadhi, Kailali office code : 3140077017 Dharauti Account No:- 4170100202030000 Dharauti Account Name: Pradesh Lekha Niyantrak Karyalaya, Dhangadhi, Kailali. |



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

८ | मंगलबार २२, फागुन २०८० (Tuesday, March 5, 2024) | काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – | प्रति तोला – | प्रति तोला – |
| १२१००० | १२०४०० | १४१० |



**हिउँले छोपिएको विमानस्थल** | हुम्लामा आइतबार राति हिमपात हुँदा सोमबार दिउँसो अवरुद्ध भएको सिमकोट विमानस्थलसहित आसपासका क्षेत्र । हिमपातका कारण उडान पूर्ण प्रभावित बनेको थियो । *तस्बिरः दाने बोहरा/रासस*

# ‘डिजिटल नेपालको संकल्पलाई साकार बनाउनुपर्छ’

■ प्रभाव संवाददाता

**काठमाडौं– निवर्तमान** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले टेलिफोन र इन्टरनेट सेवा प्रवाहलाई थप गुणस्तरीय बनाइ, सस्तो र सरलरूपमा सबै नागरिकको पहुँचमा पुऱ्याउनुपर्नेमा जोड दिएका छन् ।

नेपाल दूरसञ्चार प्राधिकरणको २६औं वार्षिकोत्सवमा उनले भने, ‘विश्व ‘आर्टिफिसियल इन्टेलिजेन्स’ (एआई)को अवधारणामा आगाडि बढिरहेको सन्दर्भमा हामीले डिजिटल नेपालको सङ्कल्पलाई साकार बनाउनसक्नुपर्छ । दूरसञ्चार सेवालाई थप गुणस्तरीय, सरल र सस्तो बनाउँदै सबै नागरिकले आधार भूत दूरसञ्चार सेवा सहजै प्राप्त गर्नसक्ने वातावरणतर्फ हामीले ढिला गर्न हुँदैन ।’



उनले ग्रामीण भेगमा सहज ढङ्गले सेवा प्राप्त गर्ने परिस्थिति निर्माण गर्दै भरपर्दो र विश्वसनीय बनाउन आवश्यक रहेको बताए ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले सुलभ मूल्यमा गुणस्तरीय सेवा प्रवाह गरेको भन्दै दूरसञ्चार प्राधिकरणलाई बधाई दिए । ‘प्रविधिको नवीनता र गतिशीलताले गर्दा प्रविधिको दयारा बढेकाले नियमन चुनौती पूर्ण छ’, उनले भने, ‘त्यसैले क्षमता र गुणस्तरीयतामा विशेष ध्यान पुऱ्याउनुको विकल्प छैन ।’

उनले आगामी वैशाखमा हुन लागेको लगानी सम्मेलनलाई दूरसञ्चार क्षेत्रको विकासमा उपयोग गर्न सक्नुपर्ने भनाइ राखे । प्राधिकरणका अध्यक्ष भूपेन्द्र भण्डारीले दूरसञ्चार क्षेत्रलाई व्यवस्थित गर्न प्राधिकरणले अहम् भूमिका निर्वाह गरेको बताए । उनले भने, ‘कोभिडपश्चात् पछिल्ला वर्षमा मोबाइल इन्टरनेटको प्रयोगकर्ता बढिरहनु सेवा प्रदायकका लागि अवसर हो । हाल बजारमा देखिएका चुनौतीलाई के कसरी सम्बोधन गर्ने विषयमा हामीले सरकारसँग समन्वय गरी आवश्यक एकदम चाल्ने छौँ ।’ उक्त अवसरमा २० वर्ष सेवा गरेका कर्मचारी निर्देशकत्रय अर्जुन घिमिरे, मीनप्रसाद अर्याल र विजयकुमार रायलाई ‘दीर्घ सेवा पदक’ प्रदान गरियो ।

# दूध नबिकेपछि दैनिक ४२ लाख घाटा बेहोर्दै किसान

■ प्रभाव संवाददाता

**चितवन** – दूध बिक्री घटेपछि जिल्लाका दुग्ध उत्पादक किसानहरूले दैनिक रु ४२ लाखको घाटा बेहोर्दै आएका छन् । जिल्लामा उत्पादित दूधमध्ये ६० हजार लिटर बिक्री हुन नसक्दा सो रकम बराबरको क्षति बेहोर्न किसान बाध्य भएका हुन् ।

चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घमा आबद्ध ४० हजारभन्दा बढी शेयर सदस्यहरूले सो मात्रामा दूध बिक्री गर्न नपाएको सङ्घले जनाएको छ । सङ्घका अध्यक्ष किशोर बगालेका अनुसार विगत १५ दिनदेखि दूध नउठ्दा किसानले समस्या झेल्नु परेको हो । उनले दूध नउठ्दा समस्या भएको बताए । साउन यताको भुक्तानी रु ५२ करोड पाउन बाँकी भए पनि अहिले बिक्री हुन छाडेपछि किसान मारमा परेको उनको भनाइ छ ।

दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुने चितवनबाट जिल्ला बाहिर दैनिक एक लाख ५० हजार लिटर दूध जाने गरेको छ । जसमध्ये ६० हजार लिटर दूध बिक्री हुन नसकेको हो ।

सरकारले किसानको पैसा दिने सहमति गरे पनि अहिलेसम्म किसनाले पैसा नपाएको र दूध समेत उठ्न छाडेको उनले गुनसो गरे । ‘सहमति भएको छ । तर कार्यान्वयनमा आएको छैन’, उनले भने, ‘सहमतिअनुसार आइतबारबाट दूध उठ्नु पर्ने भए पनि आजसम्म दूध उठेको छैन ।’

दूध लैजाने उद्योगहरूले समर्थन मूल्यभन्दा कममा लैजाने गरेको भन्दै उनले उपभोक्ताले महङ्गो मूल्यमा दूध खानु परेको बताए । बगालेले भने, ‘दूध नउठ्ने र पैसा पनि नपाउने समस्या रहिरहे आन्दोलनमा जानुको विकल्प छैन ।’ चितवनसहित पाँच जिल्लाका किसानले एक साथ आन्दोलनमा जाने तयारी गरेको उनको भनाइ छ ।

# नेप्सेमा ‘सर्किट’




■ प्रभाव संवाददाता

**काठमाडौं** – धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक छ प्रतिशतले बढेपछि आजको शेयर कारोबार स्थगित भएको छ । सोमबार बजार खुले लगत्तै परिसूचक चार प्रतिशतले वृद्धि भएको थियो ।

नेपाल स्टक एक्सचेञ्ज (नेप्से) का अनुसार चार प्रतिशतले बजार बढेपछि पहिलो पटकका लागि २० मिनेटका लागि कारोबार स्थगित गरिएको थियो । त्यसपछि खुलेको बजारमा परिसूचक पाँच प्रतिशतले बढेपछि दोस्रो पटक ४० मिनेटका लागि कारोबार स्थगित गरिएको थियो । त्यसपछि पुनःकारोबार सुरु भएपछि नेप्से परिसूचकमा छ प्रतिशतको वृद्धि भएपछि सोमबारको कारोबार स्थगित भएको नेप्सेका प्रवक्ता मुरहरि पराजुलीले जानकारी दिए ।

सोमबारको कारोबारमा नेप्से परिसूचक एक सय १७ दशमलव ७० अङ्कले उकालो लागेर दुई हजार ७८ मा पुगेको छ । विभिन्न पाँच कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

विभिन्न दुई सय ३७ कम्पनीका नौ लाख ३४ हजार नौ सय १९ कित्ता शेयर रु ३७ करोड ५२ लाख नौ हजार नौ सय ७८ मूल्यमा कारोबार भएका छन् । कारोबार भएकामध्ये दुई सय ३० कम्पनीको शेयर मूल्य उकालो लाग्दा दुई कम्पनीको मात्रै शेयर मूल्य घटेको छ ।

# धरान एक्स्पोबाट व्यवसायी उत्साही

■ प्रभाव संवाददाता

**धरान** – स्थानीय उत्पादन र व्यापारलाई प्रवर्द्धन गर्ने उद्देश्यले सुनसरी उद्योग वाणिज्य सङ्घले आयोजना गरेको धरान एक्स्पोमा रु नौ करोडको कारोबार भएको छ ।

यही फागनु ११ गतेदेखि सुरु भएको एक्स्पोमा सोमबारसम्ममा रु नौ करोडको कारोबार भएको र एक लाख पाँच हजारजनाले अवलोकन गरेका सुनसरी उद्योग वाणिज्य सङ्घका महासचिव महेन्द्र प्रधानले जानकारी दिए । गत वर्षको तुलनामा यसपटकको एक्स्पोमा व्यापार–व्यवसायमा विविधता रहेकाले सहभागीहरू पनि उत्साहित बनेको महासचिव प्रधानले बताए । उनले भने, ‘यसपटक स्थानीय कृषि उत्पादनदेखि देश–विदेशका औद्योगिक उत्पादनसम्म समेटिएकाले व्यापारी र ग्राहक दुवै सन्तुष्ट रहेको पाएका छौँ ।’

एक्स्पोमा स्थानीय रूपमा उत्पादित स्ट्रबेरी, किबी, बेसार र साबुनका स्टल राखिएका छन् । त्यसैगरी, धरानको खेल पर्यटनलाई प्रवर्द्धन गर्न जिपलाइनदेखि प्याराग्लाइडिङ र विभिन्न खेल समावेश गरिएका थिए । त्यसैगरी, विभिन्न खानेकुरा, नर्सरी, गाडी र मोटरसाइकलका स्टलहरू एक्स्पोमा राखिएका छन् । व्यापारमा विविधतासँगै व्यवसायीहरू पनि उत्साहित भएका छन् ।

विराटनगरबाट साबुनको व्यापार गर्न आएका व्यापारी मदन मास्के धरान एक्स्पोमा राम्रो व्यापार भइरहेकामा उत्साहित छन् । धेरै वर्षअगाडि देखि मार्केटिङको काम गर्दै आएका उनले अहिले धरान एक्स्पोमा बम्पर अफरसहित साबुन र सर्फ बिक्री गरिरहेका छन् । यही फागुन २३ गतेसम्म सञ्चालन हुने धरान एक्स्पोमा पाकिस्तान, भारतलगायत देशका विभिन्न उत्पादन पनि बिक्री भइरहेका छन् । रोटे पिङलगायत खेलका साथै हरेक साँझ साङ्गीतिक कार्यक्रम पनि भइरहेको छ । विगतको वर्षभन्दा यसपटकको एक्स्पो कारोबारका हिसाबले राम्रो रहेको सुनसरी उद्योग वाणिज्य सङ्घका अध्यक्ष विजय श्रेष्ठले बताए ।


## पूर्वाधार विकास कार्यालय
### भद्रपुर, झापा

## पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

**सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत सम्भारले भेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।**

**त्यसैले :**

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालना गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरूको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरूद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौं ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ–बायाँ रूख विरूवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा,
- गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ–बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी
- विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।


# अम्रिसोको मूल्य घटेपछि किसान समस्यामा

**फिक्कल (इलाम)** – अम्रिसोको मूल्य घटेपछि इलामका किसान चिन्तित बनेका छन् । पछिल्ला वर्षमा उनीहरूले धान तथा मकै खेती गर्न छाडेर व्यावसायिक रूपमा अम्रिसो खेती गरेका थिए । अम्रिसोको मूल्यमा भारी गिरावट आएपछि उनीहरू समस्यामा परेका हुन् । भूसंरक्षणसँगै घाँस, फूल र तथा डाँठबाट आम्दानी गर्न सकिने बहुउपयोगी अम्रिसोले गत वर्षको तुलनामा झण्डै ५० प्रतिशतको हाराहारीमा मूल्य गिरावट आएको छ । गत वर्ष प्रतिकेजी रु एक सय २० देखि रु एक सय ३० सम्ममा बिक्री भएको अम्रिसोको फूल (कुचो) अहिले प्रतिकेजी रु ६५ मा मात्र बिक्री भएको जनाइएको छ ।



माई नगरपालिका-९ का पूर्णकुमारी साउदेनले कुचो किन्नका लागि व्यापारी घरैसम्म आएका र सस्तो मूल्यमा कुचो बेच्न बाध्य भएको बताए । ‘गत वर्ष यामको सुरुमा नै प्रतिकेजी रु एक सय १० का दरले कुचो बेचेको थिएँ, पछि रु एक सय ३० सम्म पुगेको थियो, यस वर्ष प्रतिकेजी रु ६५ का दरले बेच्न बाध्य भइयो’, उनले भनिन्, ‘यस्तै तरिका हो भने घरव्यवहार चलाउन नै मुस्किल गर्ने रहेछ ।’

मूल्य घटेपछि अन्य बाली हटाएर व्यावसायिक रूपमा अम्रिसोको खेतीमा लागेका किसान मारमा परेको किसान अभिषेक येक्तेनले बताए । विगतमा राम्रो मूल्य पाएपछि किसानले हौसिएर अम्रिसो खेती गरेको भए पनि अहिले निराशा छाएको उनले गुनसो गरे । ‘अहिले अम्रिसोको व्यावसायिक खेती गरेर जीवनयापन गर्ने अवस्था समेत छैन’, उनले भने, ‘मैले यस वर्ष एक हजार केजी कुचो उत्पादन गरेको छु । त्यसको गोडमेल तथा कुचो तान्नका लागि प्रयोग गरिएको खेतालालाई दिने पैसा समेत नपुग्ने अवस्था छ ।’

यसरी मूल्य नै घट्दै जाने हो भने अम्रिसोको विकल्पमा अन्य बाली लगाउनुपर्ने अवस्था आएको किसान पवन राई बताए । ‘दुई/तीन वर्षअघिसम्म कुचोको मूल्य राम्रो थियो’, उनले भने, ‘हामीले प्रतिकेजी एक सय ३० सम्ममा बेचेका थियौँ । त्यो बेला मूल्य राम्रो पाएपछि खेतमा समेत अम्रिसो लगाइयो, अहिले समस्या भयो । समय फेरियो अब फेरि अम्रिसोको विकल्पमा अरु बाली लगाउनुपर्ने अवस्था छ ।’

भिरालो पाखोबारीमा समेत भूक्षय रोक्ने उद्देश्यले बारीका कान्लाको अम्रिसो खेती गरिन्छ । अन्य बालीको तुलनामा कम खर्चिलो र कम मेहनतमा नै आम्दानी पाउने भएपछि धान, मकै, कोदो लगाउने खेत र बारीमा समेत अम्रिसो खेती गर्ने गरेका छन् । बिरुवाका लागि भइरहेको बोटबाटै अर्को बिरुवा निकाल्न सकिने, गोडमेलका लागि झन्झट नहुने भएका कारण कम लगानीमा राम्रो आम्दानी गर्न सफल भएपछि किसान अम्रिसो खेतीतर्फ आकर्षित भएका छन् ।

किसानले यसको पात र कमलो डाँठ बोट डालेघाँसका लागि प्रयोग हुने र फूल (कुचो) छुट्टाछुट्टै मूल्यमा बिक्री गर्ने गरेका छन् । दोमट माटो भिरालो जग्गामा अम्रिसो खेती फस्टाउने गरेकै कारण किसानले प्रसस्त मात्रामा कुचो उत्पादन गर्ने गरेका छन् । अहिले एक जना किसानले चार हजार केजीसम्म कुचो बिक्री गर्ने गरेका छन् ।

यस वर्षको सुरुमा प्रतिकेजी रु ७५ देखि ८० सम्ममा कुचो किनबेच भए पनि अहिले मूल्यमा झनै गिरावट आएको इलाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्ण पौडेलले जानकारी दिए । पछिल्लो समय अम्रिसो किसानमा निराशा छाएको उनले बताए । ‘मूल्यमा आउने उतावचढावका कारण अम्रिसो किसानमा निराशा छन्’, उनले भने, ‘मूल्य घटेका कारण किसानको श्रम ज्याला नउठ्ने अवस्था छ । सरकारले नीति बनाएर किसानलाई उत्पादनका आधारमा सहुलियतपूर्ण कर्जा दिनमा ध्यान दिन किसानमा उत्साह थपिने थियो ।’

इलामको सबै पालिकाका विभिन्न ठाउँमा मुख्यरूपमा अम्रिसो खेती हुने गर्दछ । अम्रिसोको कुचो स्थानीय बजारमार्फत झापाको धुलाबारीमा सङ्कलन भएपछि काँकटभिट्टा हुँदै भारत निकासी हुने गरेको छ । जिल्लामा वार्षिक तीन हजार पाँच सय मेट्रिक टन अम्रिसो उत्पादन हुने तथ्याङ्क छ । कुचो उत्पादन हुने क्षेत्र थपिँदै गएकाले उत्पादनमा समेत वृद्धि हुने व्यापारीको अनुमान छ । घर, कोठा सफा गर्नका लागि कुचो बनाउनदेखि विदेश निर्यात हुँदै आएको छ । *रासस*

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ